Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- ७ २०८१ साल भदौ १८ गते मंगलबार (Sep 3, 2024) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# कस्तो तरिकाले काम गर्दा देश विकास हुन्छ ?

- **सचेत जनता**
- **इमानदार नेतृत्व**
- **जवाफदेही प्रशासन**

## समय सन्दर्भ

मोहन कार्की

विश्वका विकासका मोडलहरु अर्थात तरिकाहरु हेर्दा देश विकास हुनको लागि स्वयम जनता सचेत हुनुपर्ने । त्यो सँगसँगै इमानदार नेतृत्व र जवाफदेही प्रशासन देशमा हुने हो भने देश विकास गर्न सजिलो हुदो रहेछ भन्ने देखिन्छ ।

नेपाल विकासको चर्चा कुनै कार्यक्रममा हुने गर्दछ । तर व्यवहारमा कतैपनि त्यसको तरिकाहरु मिलाएको देखिदैन । जसमा जनता नै सबैभन्दा सचेत हुनुपर्ने हो । नेतृत्व भनेको त जनताले चयन गरेर पठाएका नै थोरै संख्यामा हुने हुन् । त्यसकारण सचेत जनता नै नभएका जस्ता देखिन्छन् । जनताहरु लक्ष्य विहिन हुल हुज्जतहरुको जत्थामा सामेल भएर विरोध जसले बढी गर्न जानेको छ । मान्छे नै मार्ने क्रान्ति किन नहोस त्यस्तै पार्टी, संगठनहरुलाई जनताले होमा हो हो हो हो मा लागेर गरेका परिवर्तनहरुले दिएको नेपालको आजको परनिर्भरताको अवस्थामा पुऱ्याएको छ । यो अवस्थाले ति क्रान्तिहरु ठिक ढंगले नेपालीको बलबुतामा चलेका थिएनन् भनेर आजको परनिर्भरताको अवस्थाले देखाउछ । देश परनिर्भरतामा फसिसकेको छ ।

यो परनिर्भरता बाट देशको विकास दुर्त गतिमा गर्न सकिदैन । किनकि दक्ष जनशक्ति देशमा प्र्याप्त हुदैनन् । यो एउटा समस्या हो । समस्या समस्या मात्र संसारमा काही पनि रहदैन । समस्या आईसकेपछि सावधान पनि खोजिन्छ । नेपाल जस्तै कुनैवेला परनिर्भता बाचेका देशहरुले देशको विकास गर्न सचेत जनताले असल इमानदार नेतृत्व छानेर देशको नीति बनाउन पठाएका देखिन्छन् । ति नीति बनाउने ठाँउमा गएका असल दक्ष, योग्य नेतृत्वहरुले नीति असल र व्यवहारिक हुने तरिकाहरु अपनाई प्रत्यक्ष र दिर्धकालीन रुपमा देश, समाजलाई फाइदा पुग्ने तरिकाले छिटोछरितो पारदर्शी साथसाथै काम गर्न चाहने नागरिहरुलाई प्रोत्साहन र उत्साहित बनाउन जवाफदेही प्रशासन सञ्चाल गरेर दुर्त गतिमा देशको विकास गर्न थालेको केही वर्षहरुमा विकासको रुपहरु देखिएको उदाहरण छन् ।

त्यो धेरै टाढा जानुपर्दैन । त्यस्तै उदाहरण हुन् हाम्रै छिमेकी चीन, भारत, दक्षिण कोरिया, मलेसिया, सिंगापुर लगायतलाई हेरे पनि पुग्छ । त्यहाका जनताहरुले विरोध व्यवधानहरु गर्दा पनि विरोध गर्ने विषय ठिक छ कि छैन । हेरेर मात्र आन्दोलन परिवर्तनको लागि भीड जम्मा हुने गरेको र त्यसले बिकल्प सहितको परिवर्तनका लागि जनताले जनताकै बीचबाट नेतृत्व छानेर पठाउने गरेको देखिन्छ ।

नेपालमा त्यस्तो हुन सकेको नै छैन । भारतमा खोलिएका नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी हालको एमाले, पछि नेपालमा गठन भएको भनिएको तर नेता जति भारतमा आश्रय लिएर बसेका क्रान्ति चै नेपालमा गर्न लगाएर हजारौको ज्यान लिएको पार्टी माओवादी पनि भारतको एउटा तुरुपकै रुपमा प्रयोग भएको जस्तो देखिएकै छ । त्यपछिका माओवादीवाट टुटे फुटेका र अर्को पशिचमाको गोटी भनेर चिनिदै आएको मोवाइल इन्जिन पार्टी रास्वपा पनि लक्ष्य विहिन विरोध गर्न मात्र जान्ने पार्टीको रुपमा सदनमा उपस्थित छ । त्यस्तै भीड जम्मा गर्न समय कुरेर बस्ने उकास्ने एक खालका ब्यापारीहरुले नेपालका अस्थिरता गराईराख्ने र त्यसवाट उनिहरुले फाईदा लिईराख्नेहरुलाई नै फाईदा पुग्नेगरी

» बाकी ६ पृष्ठमा

# दियालो बङ्गला सामान्य परिचय

■ **विश्वराज अर्याल**



काठमाडौं- दियालो बङ्गला शाहवंशीय राजाहरूको शितकालीन दरबार हो। यसलाई राजा महेन्द्रले यसको निर्माण गर्न लगाएका थिए। यो दरवार भरतपुरमा नारायणी नदी किनारमा देवघाट जाने सडक तथा राजधानी जाने सडक मार्गको चोकमा खडा छ।यो दरबारमा सबै भन्दा धेरै बस्ने राजा महेन्द्र हुन भने राजा वीरेन्द्र पनि माघेसक्रन्तिको अबसर परेर बस्न आउने गर्दथे। हाल यो नेपाल ट्रष्टको स्वामित्वमा रहेको छ। २०२८ माघ १७ राजा महेन्द्रको यही दरबारमा निधन भएको थियो।यसको कुल क्षेत्रफल ५७ बिघा १३ कट्ठा ७ धुर रहेको छ।

यो दरबार २०२६ सालमा निर्माण सम्पन्न भएको थियो। तत्कालीन राजा महेन्द्र यहाँ २०२८ माघ ३ गते बस्न आएका थिए भने उनी यहाँ एक महिनाको लागि बस्ने योजना रहेको थियो। माघ १६ गते रातको ११ बजे राजालाई अचानक हृदयाघात भएर उनको मृत्यु भएको थियो। राजाको निधन यही दरबारमा भएकाले यसलाई चासोको साथ हेरिएको थियो।

पछि ओझेलमा परेको यस दरबारलाई २०८१ असार २३ देखि सर्वसाधारणका लागि खुला गरिएको थियो।

दियालो वंगलाको वारेमा कुनै पनि चिनारी तथा त्यस भित्र हेर्ने र भएका घटना परिघटनाको कुनै चिनारी नभएको पाइयो । नेपाली आन्तरिक पर्यटकहरुले प्रवेश शुल्क वढि भएको गुनासो गर्ने गरेका छन् भने फोल्डर तथा भित्र प्रवेश द्धारमा जानकारी मुलक लेखन फोल्डर वा वुकलेटको आवश्यकता तथा गोर्खा दरवारको म्यूजियमा जस्तो लेख तथा चिनारीको आवश्यकता रहेको देखिन्छ ।

# राष्ट्रपति पौडेलले हरेक महिनामा एक दिन सार्वजनिक स्थल पुगेर स्थानीयको गुनासो सुन्ने



काठमाडौं- राष्ट्रपति रामचन्द्र पौडेल हरेक महिनामा एक दिन सार्वजनिक स्थलमा पुग्ने कार्यक्रम तय भएको छ । सार्वजनिक स्थलमा राष्ट्रपति भन्ने कार्यक्रम अनुसार राष्ट्रपति पौडेल हरेक महिनामा एकदिन सार्वजनिक स्थलमा जाने भएका हुन् ।

सार्वजनिक स्थलमा उनले आम नागरिकसँग संवाद गर्ने तथा स्थानीयहरूको गुनासो सुन्नेछन् । जस अन्तरगत पहिलो पटक आज भक्तपुर दरबार स्क्वायर जाने कार्यक्रम तय भएको राष्ट्रपतिको सचिवालयले जनाएको छ ।

राष्ट्रपति पौडेल आज बिहान साढे ११ बजे भक्तपुर दरबार क्षेत्रमा जाने कार्यक्रम तय भएको राष्ट्रपतिको सचिवालयले जनाएको छ ।

# सडक दुर्घटना रोक्न एक महिना सडक सञ्जाल बन्द गरी अध्ययन गरौँ : वामदेव गौतम




काठमाडौं- राष्ट्रिय सभा सदस्य वामदेव गौतमले नदी छेउका सडक करिडोरमा हुने दुर्घटना रोक्न एक महिना सडक सञ्जाल बन्द गरी अध्ययन गर्नुपर्ने बताएका छन् । बिहीबारको राष्ट्रिय सभा बैठकमा बोल्दै उनले यस्तो प्रस्ताव अघि सारेका हुन् ।

गौतमले सो समयमा हवाई यातायातको प्रयोग गर्नुपर्ने र हवाई यातायातलाई कसरी सबैभन्दा सस्तोमा सेवा दिने र कतिसम्म दिन सकिन्छ भन्नेकुराको निर्धारण सरकारले गर्नुपर्ने बताए । उनले नेपालको भौगर्भिक अवस्थाको अध्ययन नगरी निर्माणका जथाभाबी काम गर्नाले प्रतिदिन नेपाली नागरिक र नेपाल भ्रमणमा आउने विदेशी नागरिकको मृत्यु भइरहेको बताए ।

उनले सडकका कारण हुने दुर्घटना पत्ता लगाउने घटनाको सबै कोणबाट विश्लेषण हुनुपर्ने बताए । उनले अहिले उत्पन्न भएका समस्या ८० प्रतिशत भौगर्भिक र २० प्रतिशत मानवीय रहेको बताए ।

गौतमले प्रकृतिप्रदत्त संरचनाहरुको यथार्थ जानकारी प्राप्त गर्न चीन, इजरायलबाट त्यस सम्बन्धी ज्ञान भएका वैज्ञानिकहरूलाई नेपालमा केही समयका बोलाउन आग्रह गरे । नेपालको भौगर्भिक अवस्थाको अध्ययन नगरी निर्माणका जथाभाबी काम गर्नाले आज प्रतिदिन नेपाली नागरिक र नेपाल भ्रमणमा आउने विदेशी नागरिक धेरै मरिरहेका छन् । नेपालका नदी छेउमा रहेका सडक करिडोर ज्यानमारा संरचना बनेका छन् । कुनैपनि समस्या चाहे भौगर्भिक होस्, चाहे मानवीय होस् त्यसको कार्यकारण सम्बन्ध हुन्छ । बिना कारण कुनै घटना हुँदैनन् । कारण पत्ता लगाउन घटनाको सबै कोणबाट विश्लेषण गर्न सक्नुपर्छ ।'

गौतमले एक महिनामा सबै सडकको सम्पूर्ण अध्ययन गरिसकेपछि तत्काल निर्माण गर्नुपर्नेलाई निर्माण गरी चलाउनुपर्ने बताए ।



...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### वायु सेवा निगम भित्रको वेतिथि अन्त्य होस् ।

नेपाल वायु सेवा निगम हवाई क्षेत्रको लागि नै स्थपना भएको सस्था हो । यस संस्थाले नेपालको हवाई क्षेत्रको बृद्धि विकासमा काम गरिरहेको भनेर वेला वेलामा त्यस निगमको वार्षिकोत्सवमा बताउने गरिएको छ । जहा तालुक निकाय संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री त्यस कार्यक्रममा सहभागी हुने गरेका छन् । तर केही ठाउँमा जस्तो पोखरा, भैरवा विमानस्थल विस्तार गरेको भएपनि धेरैवटा एयरपोर्टहरु सञ्चालनलमा छैनन् । जति विगतमा थिए ।

त्यही वायु सेवा निगम भित्रको बेतिथि भने भ्हागिदै भ्हागिदै सिस्नु घारी भन्दा पनि जकडिएर बसेको छ । त्यस निगम भित्र बस्ने केही कर्मचारीहरुको लागि निगम लैनो गाई भैं भएको छ । ईमानदार कर्मचारीलाई भने राष्ट्रको सम्पति प्रति भएको अनियमियतता देख्दा पिरले सताउने गरेको छ । नेपाल र थाईल्याण्डले एकैपटक शुरु गरेको हवाई सेवा आज थाईल्याण्डको वायु सेवाले संसारभर उडान भरेर प्रगति गरिरहेको छ । थाईल्याण्डसँग भ्हण्डै २०० हाराहारीमा हवाईजाहजहरु रहेका छन् । नेपालसँग भने दुईवटा वोइग, दुईवटा एयरवस केही थान टुइन्टर रहेका छन् । त्यसमा पनि नेपाल एयरलाइन्सका जाहाज जब दशै-तिहार, छठ, नेपा सम्बत जस्ता नेपालका मुख्य पर्व र विदेशीहरु नेपाल घुम्न आउने पर्यटन सिजन हुन्छ । त्यतिवेला नेपाल वायु सेवा निगमवाट सञ्चालित विमानहरु ग्रउडेड हुन्छन् । बनाउने वहानामा, बिग्रको वहानामा यसरी ग्राउण्डेड हुदै आएका छन् ।

यसको खोजविन गरी जकडिएर रहेको वायुसेवा निमगको फोहोर अन्त्य गर्न आवशयक छ । जब पर्यटन सिजन शुरु हुने वेलामा हवाई क्षेत्रमा काम गरिरहेका केही जिम्मेवार व्याक्तिहरुले नीजि कम्पनीहरुसँग मिलेमत्तो गरेर नेपाल वायु सेवा निगमसँग भएका जाहाजहरु ग्राउण्डेड गराउन अप्रत्यक्ष अवैध लेनदेनको कार्य गर्छन् भन्ने हल्लाहरु सुन्नमा आउने गरेका छन् । विगत देखि अहिलेसम्म आईपुग्दा सिजनको वेलामा वायु सेवा निगमका हवाईजाहजहरु ग्राउण्डेड हुने, बिग्रने समाचार आउने र सिजनको वेला नीजि कम्पनीहरुले मिनेट मिनेटमा हवाई यात्रु बोकेर पैशा कमाइरहदा वायु सेवा निगमका जाहाज भने एयारपोर्टको पेप्सीकोला साइड पर्टीको चौरमा घाम तापेर बसेका हुन्छन् । सामान्य नागरिकले निगमका महत्वपूर्ण पोष्टमा बस्ने कर्मचारीहरुलाई लगाएको आरोप ति ग्राउण्डेड भएका जाहाज र सिजनको वेला छिन छिनमा यात्रु बोकेर पैशा कमाउने नीति हिवाई जाहाज देख्दा मिल्दो जुल्दो छ ।

भ्हनै अहिले पछिल्लो मन्त्रीले त कमिशन आउने वाहेकका कुनै पनि कामहरु नगर्ने भन्ने हल्लाहरु बजारमा व्याप्त छन् । यता बजारमा सस्कृति, पर्यटन मन्त्रीप्रति आरोप कमिशनको खेलमा भन्ने हल्ला हुनु र अर्कोतर्फ एकैपटक हवाई जाहाजहरु ग्राउण्डेड हुनुले कतै हावा नचलि पात हल्लिदैन भने उखान चरितार्थ त भएको होइन ।

हुनत नेपालमा विरोध गर्न, आरोप लगाउन कसैले कसैलाई छोडेकै हुदैनन् तर कतिपय यस्ता घटनाहरु हुन्छन् । सत्य देख्दा देख्दै पनि कारवाही हुदैनन् । कतिपय यस्ता घटना हुन्छन् । माफियाहरुको स्वार्थ पुर्ति भएन भने कुप्रचार गरेर असल कर्मचारीलाई सरुवा कारहवाही गर्ने सम्मका कामहरु हुने गरेको यहि नेपालमा हुदै आएको छ ।

त्यसर्थ नेपाल वायु सेवा निगमका हवाई जाहाजहरु सिजनको वेला ग्राउण्डेड गराउनु नीतिगत, प्राविधिक, कारणहरु ठिक हुनकि होइनन् ? विगत देखिनै नेपाल वायु सेवा निगमलाई लैनौ गाई बनाउने कुविचार बोकेका केही माथिल्लो पोष्ठका कर्मचारीहरु र मन्त्रालय मिलेर गर्ने गलत कामलाई रोक्न प्रयास गर्नुपर्छ र त्यस्ता गलत काम गर्ने कर्मचारीहरुलाई तत्कालको तत्कालै कारवाही गर्न पछि हट्नु हुदैन । यसरी नेपाल वायु सेवा निगमको बेतिथिलाई हटाएर अन्तराष्ट्रियस्तरमा नै ख्याति कमाउने काम गर्न नेपाल वायु सेवा निगम बनाउन तत्परता देखाउने नेतृत्व त्यस मन्त्रालयमा आउनु पर्छ ।

# संस्कृति, कला र सम्पदा संरक्षणको प्रयास



तेज प्रकाश बानियाँ
पुर्व साहायक रथि


कला संस्कृति, वेशभूषा र सम्पदा आदि हाम्रा इतिहास र पहिचान हुन् । आफ्नो इतिहास र पहिचान कसलाई मन नपर्ला ? यस्ता वस्तुहरुको मर्मत, सम्भार र सम्बर्द्धन गरी जोगाउनु हामी सबैको कर्तब्य हुन आउछ भने स्थानीय निकायको त कुरै छोडौ । यसै विषयलाई मध्य नजर राखी, जन चेतना जगाउने र सम्पदा अध्ययन गर्ने उद्देश्यले टोखा नगरपालिका वडा नं ९ ले आ व ०८०/८१ को बजेटबाट ब्यबस्था गरी सम्पदाहरुको अध्ययन भ्रमणबाट तयार पारिएको सांस्कृतिक सम्पदा अध्ययन नामको पुस्तिका मेराहात पऱ्यो ।

असी पेजको यो पुस्तक आकर्षक र स्तरीय पेपरमा छापिएको छ । अन्तर्वस्तुको बारेमा सुरुमा इन्द्रविलास घिमिरेले सार गर्भित सम्पादकीय मार्फत मानिसको जीवनले नयाँ मोड तय गर्ने बेलामा के के कुराले असर पार्छ भनेर आधारहरु औंल्याउदै पुस्तिकाको चुरो कुरो सबै समेट्नु भएको छ । यो पुस्तिका वडा नं ९ को महत्वपूर्ण दस्तावेजको रुपमा आएको छ । यो अत्यन्त उपयोगी र प्रशंसनीय काम भएको छ । यसले स्थानीय पाटी पौवा, धारो कुवा, तलाउ पोखरी, मठ मन्दिर, गुम्वा चैत्य, संघ संस्था, सहकारी फाइनान्स, स्कूल कलेज, कार्यालय कारखाना, कवि साहित्यकार, नेवा छें गुठी, पर्यटकीय स्थल, आदि इत्यादि कुराको दस्ताबेजीकरण गरेको छ । वडामा सरकारी/अर्धसरकारी जुनै बजेटबाट काम भएपनि पार दर्शीता र मितब्ययीता अपनाएर समितिहरू गठन गरी कार्य सम्पन्न गर्ने गरेको छ । शिव मन्दिर निर्माणमा पनि वडाध्यक्ष राम भक्त घिमिरेको ओभरल समन्वय र स्थानीय समाज सेवी केदार पाठकको अध्यक्षतामा निर्माण समिति, गठन गरिएको छ । क्वालिटी कण्ट्रोल र कार्य प्रगति चेक गर्नकोलागि स्थानीय समाज सेवी गोविन्द पाठकको अध्यक्षतामा अनुगमन समिति गठन गरी छर्लङ्ग हुने गरी बुझाएको छ ।

त्यसैगरी गोंगब वडा नं ९ को चिनारी शीर्षकमा यो पुस्तक तयार पार्नुको उद्देश्य, यसमा समाविष्ट बिषय, यसको उपादेयता, फाइदा आदि कुराहरु, यस वडामा प्राकृतिक सम्पदाको रुपमा रहेको विष्णुमती नदीलाई अतिक्रमणका साथै खुला ढलमती बनाएर बनेको कुरुपता, श्री बीच बिनायक गणेश मन्दिर, श्री जल बिनायक मन्दिर, श्री मुक्तेश्वर महादेव, सेतीनाथको शीला, एवम् मुक्तेश्वर मन्दिर परिसरमा स्थापित स्वेत भैरवको मूर्तिको महत्व बारेमा जानकारी गराइएको छ ।

मन्दिरलाई देखभाल, मर्मत संभार र सम्बर्द्धन गरी मन्दिर परिसरलाई टिपटप हालतमा राख्न पहिलाको जस्तै गरी, मुक्तेश्वर महादेव संरक्षण समाज नामको समिति गठन भई दैनिक नियमित पूजा सुचारु राख्न र बीचबीचमा कुनै बाधा ब्यवधान परिआएमा समाधान गरी दैनिक कार्यहरु सुचारू गराउछ । त्यसैगरी उक्त संरक्षण समितिले सम्बन्धित निकायहरूमा समन्वय गरी वार्षिक पूजा तथा परिआउने कामको लागि खर्चको ब्यवस्था मिलाउछ । भक्तजनबाट दान स्वरुप दानवाकसमा दैनिक चढाएको रकम हरेक महिनाको पहिलो शनीबार सदस्यहरू भेलाभई बाक्साको रकम गिन्ती गरी फण्डमा आम्दानी बाधी बैक दाखिला गरिन्छ । हरेक वर्ष समयमा साधारण सभा गराएर समितिको वार्षिक आय ब्यय निर्धारण गरी बिवरण तयार गरेर अडिट रिपोर्ट सहित सम्बन्धित निकायमा पेशगरी नवीकरण गराएपछि त्यो समितिको एक कार्यकाल पूरा भएको मानिने छ । मुक्तेश्वर मन्दिर स्थानान्तरण र नवनिर्माण गर्न लागेको खर्चको फेहरिस्त, मुक्तेश्वर महादेवको परिचय, सिद्धेश्वर महादेव मन्दिर एवम् परिचय, एकमात्र प्राकृतिक सम्पदाको रूपमा रहेको बिष्णुमती किनाराको वगर अतिक्रमण हुदै खोला समेत ढल मतीमा परिणत भएकोमा गुनासो, गुम्बाको बुद्ध मर्ति, गुम्बाको शिव मन्दिर, वडा नं ९ मा बसोबास गर्ने जातजाति, भाषा र धर्म, संस्कृति, व्यवसाय, साहित्य र स्रष्ठाको नाम समेत, त्यस क्षेत्रमा भएका २१ गोटा संघ संस्था र ११ गोटा बिद्यालयको विस्तृत नामावली कण्टेक्ट पर्सन मोवाइल सहित, नेवा छें गुठी फोटो सहित, भवन निर्माण समितिको नाम, सल्लाहकार सदस्यहरू, जग्गादाता गुठीयार, भवन निर्माणमा १०४ जना चन्दा दाताको नामावली समावेश गरिएको छ ।

अन्तिम खण्ड साहित्यिक खण्ड रहेछ । यसमा ४ जना कविहरुको देशभक्ति, नव वर्षको शुभकामना, देवदेवीको दैनिक दर्शनबाट शक्ति आर्जन गर्न सकिने बारेको कविता र चेतना मूलक




कविता घुमाउरो पाराले गणतन्त्रले समेत नारीको बेदना नबुझेको गुनासो समेटिएको कविता समाविष्ट छन् । अन्त्यमा वरिष्ठ साहित्यकार डा दामोदर पुडसैनी किशोर को लेख रहेछ । जुन लेख उपत्यकाका पवित्र भनिएका नदीहरु केही दशक अगाडि देखि दायाँ बायाँ को बगर र नदीको भित्ता समेत अतिक्रमणले नदी ढलको रुपमा परिणत भएर वातावरण जटील बन्दै गएको सन्दर्भमा लेखिएको हुँदा सकेसम्म धेरैले पढ्नु पर्ने खालको वरिष्ठ साहित्यकारको उत्कृष्ट लेख रहेछ ।

यो पुस्तिका यसै पद्धतिमा काम गर्नको लागि अरुलाई मार्ग दर्शकको रुपमा काम दिन्छ भने टोखा बासिन्दाकालागि आफ्नो पालिका भित्र भएका धेरै चिजको जानकारी समेटेको हुदा सबैकालगि पठनीय छ । इति ।

# कलाकारिता क्षेत्रमा रश्मि भट्टको अविराम



काठमाडौं । विगत एक दशकदेखि कलाकारिता क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएकी कलाकार तथा गायिका रश्मि भट्ट कलाकारिता क्षेत्रकी एक उदारणी व्यक्ति हुन् । उनले अभिनय गरेका चलचित्र हेर्ने हो भने झन्डै दुई हजार हाराहारीमा पुगिसकेका छन् । दर्जनौं सिरियल र तिन सय हाराहारी गीतमा आफ्नो आवाज समेत दिइसकेकी छिन् विगत लामो समयदेखि गीत सङ्गीत र कलाकारितालाई कर्म थलो बनाउँदै आएकी रश्मि भट्ट पछिल्लो समयकी व्यस्त कलाकार पनि हुन् उनी महिनामा २०,२२ दिन म्युजिक भिडियो,सिरियल,सट मुभी र फिल्मको सुटिङमै व्यस्त हुन्छिन् बाकी समय आफ्नो घर परिवारलाई दिने गर्छिन् । रेडियो अडियोमा कार्यक्रम चलाउँदै गायन क्षेत्रबाट अभिनयमा लागेकी रश्मि भट्ट गायन क्षेत्रबाट भन्दापनि अभिनयबाट चिर परीचित भइन् । अहिलेको उनको नामसँगै दर्शकले उनको कामको धेरै प्रशंसा गर्ने गर्दछन् । उनै लोकप्रिय कलाकारसँग जन आकाश मिडियाका संवाददाता विनोद कार्कीले गरेको कुराकानीलाई हामीले प्रस्तुत गरेका छौं ।

**आज भोली के गर्दै हुनुहुन्छ ?**

आज भोलि सुटिङ तिर नै व्यस्त छु तिज पनि नजिकिँदै छ तिजका गीत, सिरियल, टेली-चलचित्रहरू भटाभट बनी रहेका छन् त्यसमै व्यस्त छु केही फिल्म एग्रीमेन्ट पनि भएको छ अब केही दिनमा फिल्मको सुटिङ तिर पनि व्यस्त हुन्छु । पछिल्लो समय सेबेन स्टार फोके टेलिभिजनमा अन्तर्मन कार्यक्रम पनि चलाउँदै छु जे होस आफूलाई व्यस्त राखेको छु ।

**महिनामा कति दिन सुटिङमा व्यस्त हुनुहुन्छ ?**

महिनाको बिस, पच्चिस दिन सुटिङमै व्यस्त हुन्छु । बाकी समय टेलिभिजन र घर परिवारलाई दिन्छु ।

**तपाईलाई गाउन मन पर्छ कि अभिनय गर्न ?**

म सुरुमा गीत सङ्गीतबाट कलाकारितामा प्रवेश गरेको हो मेरो थुप्रै गीत बजारमा छन् । अहिले पनि मेरा गीत रेडियो नेपाल, विभिन्न टेलिभिजनबाट बजिरहन्छन् । मलाई दुवै मन पर्छ गाउन र अभिनय गर्न म अभिनय गर्दा पनि क्यारेक्टरमा डुबेर गर्ने गर्छु । मलाई गाउन र अभिनय गर्न दुवै मन पर्छ ।

**कलाकार रश्मि भट्ट भनेर सर्वाधिक दर्शकलाई चिनाउादा कतिको खुसी हुनुहुन्छ ?**

कलाकार रश्मि भट्को नामले आफूलाई चिनाउन पाउँदा एकदमै खुसी लाग्छ । सायद कलाकारले पाउने भनेकै नाम,सम्मान र इज्जत हो त्यो मैले पाएको छु । तर रश्मि भट्ट भनेर चिनाउनको लागि मैले धेरै मेहनत र सङ्घर्ष गरेको छु ती सङ्घर्षको दिनहरूलाई अझै पनि सम्झने गर्छु ।

**तपाइले नेपालको कुन हिरोसाग धेरै सह-कार्य गर्नुभएको छ ?**

मैले नेपालका सबै हिरोसँग काम गरेको छु राजेश हमाल, निखिल उप्रेती,भुवन केसी, शिव श्रेष्ठ अहिलेका चर्चित नायक अनमोल केसी, प्रदीप खड्का सबैसँग काम गरेको छु ।

**नेपाली फिल्म क्षेत्रको अवस्था कस्तो छ अहिले ?**

नेपाली फिल्म क्षेत्रको अवस्था अहिले एकदमै नाजुक छ पहिलाको जस्तो छैन । कुनै समय हामीले गरेको फिल्म एक महिना सम्म हलमा लाग्थ्यो भने अहिले एकहप्ता हलमा चल्न गारो छ भनेपछि समय कहाँबाट कहाँ पुगिसक्यो । पहिलाको जस्तो कलाकारको मान्यता पनि छैन अब त दर्शकले कलाकार चिन्नै छाडिसके सबै जना कलाकार भए टिकटकले गर्दा । त्यसैले अहिले कलाकारको महत्व घट्यो । सामाजिक सञ्जाल टिकटकले गर्दा पुराना कलाकारको मान्यता पहिलाको जस्तै छैन । राम्रो गर्ने, नगर्ने सबै कलाकार भए, सबै निर्देशक भए अब हेर्ने भन्दानी बनाउने धेरै भए । जमाना परिवर्तन भयो कलाकारले कलाकारलाई नचिन्ने समय आइसक्यो ।

**जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रम कतिको हेर्ने गर्नु हुन्छ ?**

जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रम प्रतिभाहरूको प्रतिभा देखाउने साझा चौतारी जस्तो लाग्छ मलाई । यहाँ सबै ठाउँ सबै जिल्लाको प्रतिभा आएर आफ्नो प्रतिभा देखाउँछन् अनि मनको कुरा राख्ने गर्छन् म हेर्ने गर्छु जन आकाशको कार्यक्रम । एकदमै राम्रो लाग्छ । कार्यक्रम सबैले चलाएका हुन्छन् तर जन आकाश मिडियाले चलाएको कार्यक्रम अलि फरक लाग्छ म एकदमै हेर्ने गर्छु । यो कार्यक्रमको सफलताको शुभकामना पनि दिन चाहान्छु जन आकाश मिडियालाई । भन्दै लोकप्रिय कलाकार रश्मि भट्ट सङ्गीत खबर कार्यक्रममा बत्ताउँछिन् ।

# मुस्ताङको स्याउ भदौमा नै पाक्न थाल्यो



म्याग्दी- विगतका वर्षमा असोज लागे पछि गुलियो पस्ने मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फाका लालप्रसाद हिराचनको बगैंचामा फलेका स्याउ यसपालि भदौ दोस्रो हप्तामै खानयोग्य भएको छ ।

'पहिले असोज नलागी यहाँको स्याउमा स्वाद आउँदैनथ्यो', ७९ वर्षीय हिराचनले भने, 'यसपालि विगतका वर्षभन्दा धेरै गर्मी महसुस भएको छ । स्याउ पनि १५-२० दिनअघि नै पाक्न थालेको छ ।'

घरपझोङ गाउँपालिका-३ स्याङका किसान कर्मा गुरुङको पनि हिराचनको जस्तै अनुभव छ । व्यावसायिक स्याउखेती गर्दै आएका हिराचन र कर्मामात्र नभएर मुस्ताङका सबैजसो किसान यसपालि विगतको तुलनामा स्याउ छिटो पाकेको बताउँछन् ।

तापक्रम वृद्धि र मौसम परिवर्तनका कारण स्याउ छिटो पाकेको किसान तथा कृषि प्राविधिकको भनाइ छ । मुस्ताङमा स्याउ जोन कार्यक्रम सञ्चालन गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कार्यालयका निमित्त वरिष्ठ कृषि अधिकृत नेत्र भट्टले गत हिउँदमा लामो समयसम्म चिसो नरहेको र तापक्रम छिटो बढेकाले केही जातका स्याउ पाकेको बताए ।

'उच्च घनत्वको गाला र रिङरोट जातको स्याउ स्थानीय जातको भन्दा छिटो पाक्छन्', उनले भने, 'स्थानीय जातको स्याउमा पनि गुलियोपना नाप्दा विगतको तुलनामा केही समयअघि पाक्ने देखिएको छ ।'

उपकरणको सहायताले स्याउको गुलियोपना नापिन्छ । गुलियोपनाको मात्र १२ प्रतिशत भएपछि स्याउ टिप्न योग्य हुन्छ । दानाभित्रको गेडा कालो भयो भने पनि स्याउ पाकेको मानिन्छ । उच्च घनत्वको गाला प्रजातिका स्याउ भदौ १० गते र रिङरोट जातको स्याउ भदौ १५ गतेदेखि नै टिप्न थालिएको छ ।

जिल्ला समन्वय समिति मुस्ताङको आयोजनामा यही भदौ ६ गते बसेको बैठकले जोमसोममा बसेको कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन, स्थानीय तहका जनप्रतिनिधि र किसानको बैठकले स्याउ टिप्ने समयतालिका बनाएको थियो ।

स्थानीय रोयल, रेड, गोल्डेन डेलिसियस र फुजी जातको स्याउ असोज १ गतेदेखि टिप्ने समयतालिका बनाइएको छ । तिजलाई लक्षित गरेर उच्च घनत्वको जातका स्याउ टिपेर बजार पठाउन थालिएको छ । व्यापारीले नपाकेको र ढिलो पाक्ने प्रजातिका स्याउ पनि टिपेर बजार लैजान सक्ने भएकाले नाकामा अनुगमन गर्नुपर्ने बताइएको छ ।

अनुकूल मौसम, बगैंचा व्यवस्थापन, रोग, कीराको समस्या कम देखिएकाले उत्पादन वृद्धिसँगै गुणस्तर पनि बढ्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्र मुस्ताङका कृषि प्रसार अधिकृत निशान खड्का मगरले बताए । गत वर्षको तुलनामा २५ देखि ३० प्रतिशतले स्याउ उत्पादन बढ्ने अनुमान गरिएको उनले सुनाए ।

मुस्ताङको एक हजार चार सय ७५ हेक्टरमा स्याउखेती भएकामा पाँच सय ८० हेक्टरमा लगाइएको स्याउ बोटले उत्पादन दिने गरेको छ । ३८ हेक्टर जमिनमा इटलीबाट ल्याइएको उच्च घनत्वको स्याउखेती भएको छ ।

गत वर्ष चार हजार नौ सय ७५ मेट्रिक टन स्याउ उत्पादन भएको र रु ४९ करोड २५ लाख बराबरको स्याउ बिक्री भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौंलगायत सहरका व्यापारी बगैंचामा नपाक्दै अग्रिम भुक्तानजी दिएर ठेक्कामा स्याउ खरिद गर्दछन् ।

मुस्ताङ घुम्न आउने पर्यटकले पनि कोसेलीको रुपमा स्याउ किनेर लैजाने गर्छन् । बिक्री नहुने साना दाना भएका स्याउ मदिरा र सुकुटी बनाउन प्रयोग हुन्छ ।

# रामेछाप डायरी

## रामेछाप अस्पतालमा भएको शिविरमा ४० जनाको निशुल्क शल्यक्रिया ४ सय बढिले लिए सेवा



रामेछाप अस्पताल रामेछापमा ३ दिन चलेको शिविरमा ४० जनाको निशुल्क शल्यक्रिया गरिएको छ । नेपाल अर्थोपेडिक अस्पताल जोरपाटी काठमाण्डौंका बरिष्ठ हाडजोर्नी विशेषज्ञहरुबाट सेवा प्रदान गरिएको उक्त शिविरमा ४ सय २० जनाले सेवा लिएका छन ।

यहि भदौ १३,१४ र १५ गते संचालन भएको शिविरमा १३ गते १५ जनाको शल्यक्रिया,१४ गते १५ जनाको शल्यक्रिया र १५ गते १० जनाको शल्यक्रिया गरिएको हो । रामेछाप अस्पतालमा पहिलो पटक शल्यक्रिया सहितको यति ठुलो शिविर संचालन भएको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा.केशव श्रेष्ठले बताउनुभयो ।

नेपाल अर्थोपेडिक अस्पतालका बरिष्ठ अर्थोपेडिक डाक्टर युवराज खरेल नेतृत्वको १६ जनाको टिमले शिविरमा सेवा प्रदान गरिएको उहाँले बताउनुभयो । घुँडा खिइएका ८० जनाको सुई(स्टेरोइड) लगाइएको उहाँले बताउनुभयो ।

रामेछाप अस्पतालले महिनामा १ पटक पेट तथा कलेजो रोग विशेषज्ञ सेवा,मानसिक तथा नशा रोग विशेषज्ञ सेवा,नाक,कान,घाँटी,हाडजोर्नी विशेषज्ञ सेवा र मुटु रोग विशेषज्ञ लगायत विभिन्न सेवाहरु थप हुने क्रममा रहेको निमित्त मेसु डा.श्रेष्ठले बताउनुभयो ।

खुट्टाको पैतला फर्किएको,जन्मजात हात खुट्टा बाङ्गिएका,हात वा खुट्टाका विकृतिजन्य समस्याहरु,हात वा खुट्टा भाँचिएको,हात वा खुट्टा बाङ्गिएर जोडिएको,भाँचिएको पाता वा खुट्टा भाँचिएको वा किला राखिएको,हातमा आगोले पोलेको,हाट खुट्टामा भएको गाँठा गुँठीहरु निकाल्ने लगायतको सेवाहरु प्रदान गरिएको हो ।

नेपाल अर्थोपेडिक अस्पतालले शल्यक्रिया तथा बिरामीको परीक्षणको लागी सबै उपकरणहरु अस्पतालमै ल्याएर परीक्षण गरिएको थियो । शिविरमा रामेछाप,दोलखा,सिन्धुली लगायत विभिन्न जिल्लाका बिरामीहरुले सेवा लिएका छन ।

## बालिकालाई यौन व्यवसायमा लगाउने रामेछापका गोरे र सिन्धुलीका राजु पक्राउ





बालिकाहरुलाई यौन व्यसायमा लगाएको आरोपमा रामेछाप र सिन्धुलीका दुई पुरुष पक्राउ परेका छन् ।काठमाडौंमा होटल सञ्चालन गर्दै आएका उनीहरुलाई मानव बेचबिखन अनुसन्धान ब्युरोको टोलीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा रामेछापको रामेछाप नगरपालिका ८ का २८ वर्षीय गोरे नेवा खड्गी र सिन्धुलीको कमलामाई नगरपालिका-४ का ४२ वर्षीय राजु शाही रहेका छन् । काठमाण्डौंको कोटेश्वरमा कमलामाई खाजा घर एण्ड गेस्ट हाउस सञ्चालन गर्दै आएका उनीहरुले बालिकालाई यौन व्यवसायमा लगाएको पाईएपछि पक्राउ गरिएको ब्युरोका प्रवक्ता, एसपी गौतम मिश्रले जानकारी दिनुभयो ।

उहाँका अनुसार होटल सञ्चालकहरुले बालिकालाई होटलको कामको बाहनामा आर्थिक प्रलोभन देखाएर यौन व्यवसायमा लागएको अनुसन्धानबाट खुलेको छ । प्रहरीले सो गेष्ट हाउसबाट ५ बालिकाको उद्धार गरेको छ ।

## मिल्ती खोलामा आएको बाढीले लाखौंको क्षति




रामेछाप र दोलखा जिल्लाको सिमानामा रहेको मिल्ती खोलामा आएको अविरल वर्षा पछिको बाढीले लाखौंको क्षति भएको छ । शनिवार बेलुका करिब ८ बजे तिर आएको बाढीले युवराज खत्री, सरोज तामाङ, विकास मगर, गणेश खड्का, देवेन्द्र मगरको घर टहरा बगाएको हो ।

रामेछाप र दोलखाको सिमानामा रहेको मिल्ती खोलाले कपडा पसल र किराना पसलको सामाग्री बगाउँदा लाखौंको क्षति भएको हो । क्षतिको पुरा विवरण भने आउन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी निरीक्षक कौशल न्यौपानेले जानकारी दिनुभयो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ७, २०८१ साल भदौ १८ गते मंगलबार (Sep 3, 2024)

# एशिया प्यासिफिक क्षेत्रको कम्प्युनिटी नेटवर्क एक्सचेञ्ज कार्यक्रम सम्पन्न




काठमाडौं- काठमाडौंको टेक्सास कलेजमा नेपालमै पहिलो पटक आयोजना भएको एशिया प्यासिफिक क्षेत्रको कम्प्युनिटी नेटवर्क एक्सचेञ्ज कार्यक्रम सम्पन्न भएको छ ।

डिजिटल इम्पावरमेन्ट फाउन्डेसन र इन्टरनेट सोसाइटीसँगको सहकार्यमा नेपाल इन्टरनेट फाउन्डेसनले भदौ १५ गते आयोजना गरेको एशिया प्यासिफिक क्षेत्रको कम्प्युनिटी नेटवर्क एक्सचेञ्ज २०२४ कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा कनेक्टिभिटी, डिजिटल समावेशीता र कम्युनिटी नेटवर्कमाथि वृहत छलफल भएको थियो भने सम्बन्धित विज्ञहरूलाई एकै ठाउँमा ल्याएको थियो ।

शनिबार बिहान ९ बजेदेखि सुरू भएको कार्यक्रमलाई सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरूङले भर्चुअल रूपमा सम्बोधन गरेका थिए । उनले ग्रामीण विकासमा प्रविधिको भूमिका महत्त्वपूर्ण भएको बताउँदै कम्युनिटी नेटर्वक र डिजिटल पूर्वाधारलाई बलियो बनाउनु पर्नेमा जोड दिएका थिए ।

यस्तै कार्यक्रममा स्वागत मन्तव्य राख्दै नेपाल इन्टरनेट फाउन्डेसनका अध्यक्ष विक्रम श्रेष्ठले कम्युनिटी नेटवर्कको महत्त्व र नेपालको सीमान्तकृत तथा ग्रामीण समुदायहरूमा डिजिटल विभाजनलाई कम गर्नका लागि भइरहेको प्रयासलाई प्रकाश पारेका थिए ।

कार्यक्रमा विशेष मन्तव्य राख्दै पूर्व विज्ञान तथा प्रविधि मन्त्री गणेश शाहले डिजिटल नेपाल फ्रेमवर्कमार्फत आइसिटीलाई महिला सशक्तिकरण, किसानलाई सहयोग र शैक्षिक अवसर अभिवृद्धि गर्नुपर्नेमा जोड दिएका थिए । त्यसैगरी इन्टरनेट सोसाइटीका क्षेत्रीय पूर्वाधार र कनेक्टिभिटी निर्देशक नाभिद उल हकले दुर्गम क्षेत्रमा देखिएको कनेक्टिभिटी ग्याप कम गर्न आवश्यक रहेको बताए । सबैका लागि एफोर्डेबल इन्टरनेटमा जोड दिदै उनले एभरेस्ट कम्युनिटी नेटवर्कबाट हिमालय क्षेत्रमा कनेक्टिभिटी सुधार गर्न पहल गरेको समेत जानकारी दिएका थिए ।

कार्यक्रममा बोल्दै डिजिटल एम्पावरमेन्ट फाउन्डेसनका उपनिर्देशक सौरभ वास्तवले इन्टरनेट पहुँचमा लैङ्गिक असमानता रहेको उवगत गराउँदै डिजिटल समावेशीकरणलाई बढावा दिन कम्युनिटी नेटवर्क एक्सचेञ्जको महत्त्वपूर्ण भूमिका हुने उल्लेख गरेका थिए ।

काठमाडौं महानगरपालिका वडा नम्बर ७ का अध्यक्ष विमलकुमार होडाले प्रविधिको क्षेत्रमा नेपालको उपलब्धि र देश विकासको यसको भूमिका बारेमा आफ्नो भनाइ राखेका थिए भने नेपाल टेलिकमका प्रबन्धक डा.शालिग्राम पराजुलीले स्थानीय सामग्री विकास, समावेशीता र जनचेतनामा इन्टरनेट टुलको प्रयोग गर्नुपर्ने धारणा राखेका थिए ।

त्यसैगरी समापन शत्रमा आफ्नो मन्तव्य राख्दै सांसद गगन कुमार थापाले नेपालको सबै ठाउँमा गुणस्तरीय इन्टरनेटको पहुँच पुर्‍याउन सबैले सहकार्य गर्नुपर्ने बताए । यस्तै वुमन इन आईटीको अध्यक्ष गणकेशरी प्रधान र नेपालको पहिलो महिला इन्जिनियर प्रा. तिमिला यमी थापाले प्रविधि र डिजिटल इन्नोभेसनमा महिला नेतृत्व आवश्यकता रहेको बताएका थिइन् ।

कार्यक्रमको समापन टेक्नोलोजी फर अलका अध्यक्ष चेन लामाले गरेका थिए । कार्यक्रमको समापनपछि नेपालको सम्पदा झल्काउने सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरिएको थियो ।

कम्प्युनिटी नेटवर्क एक्सचेञ्ज कार्यक्रमलाई इन्टरनेट सोसाइटी, डिजिटल एम्पावरमेन्ट फाउन्डेसन, सुबिसु केबलनेट, टेक्सास इन्टरनेशनल कलेज, नेपाल टेलिकम, लायन क्लब अफ काठमाण्डू साइबर वर्ल्ड, लजगा ह्यान्डिक्राफ्ट, एक अभियान, डाटा हब, हेलो वर्ल्ड, सबैका लागि टेक्नोलोजी, इन्डिया इन्टरनेट फाउन्डेसन, सूचना प्रविधि विभाग, नेपाल नेटवर्क अपरेटर्स ग्रुप, इन्टरनेट एक्सचेन्ज नेपाल लगायतको सहयोग तथा सहकार्य रहेको थियो ।

# ग्लोबल आइएमई बैंक र एमएडब्लु वृद्धि मोटर्स तथा एमएडब्लु वृद्धि अटोकर्पबीच सम्झौता

काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेड, एमएडब्लु वृद्धि मोटर्स तथा एमएडब्लु वृद्धि अटोकर्प बिच सहजरुपमा विद्युतीय सवारी कर्जा प्रवाह गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

उक्त समझदारी पत्रमा बैंकका साना, मझौला, खुद्रा तथा कृषि कर्जा विभाग प्रमुख नरहरि सिलवाल र एमएडब्लु वृद्धि मोटर्स प्रा.लि. तथा एमएडब्लु वृद्धि अटोकर्प मोटर्स प्रा.लि.का ग्रुप डाइरेक्टर गोपालकुमार अग्रवालले हस्ताक्षर गरेकाछन् ।

समझदारी अनुसार एमएडब्लु वृद्धि मोटर्स एवम् एमएडब्लु वृद्धि अटोकर्प मोटर्स तथा कम्पनीका आधिकारिक विक्रेताले विक्री गर्ने विद्युतीय गाडीहरु दीपल, सेरेस र नाम्मी खरिद गर्ने व्यक्ति वा कम्पनीहरुले आवश्यक कागजातसहित बैंकमा निवेदन दिएको ३ कार्यदिन भित्र सरल ब्याजदरमा कर्जा उपलब्ध गरिनेछ । दीपल र सेरेस ब्राण्डका विद्युतीय गाडीहरु नेपाली प्रयोगकर्ताहरु माझ लोकप्रिय रहेको छ र उक्त कम्पनीले नाम्मी ब्राण्डको नयाँ विद्युतीय गाडी नेपाली बजारमा विक्री सुरुवात गरीसकेको छ ।

ग्रिन फाइनान्सिङ प्रवर्द्धन गर्न बैंकले विद्युतीय सवारी साधनलाई सर्वसुलभ ब्याजदरमा कर्जा प्रवाह गर्दै आएको छ । ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर




ग्राहकहरुलाई लाभान्वित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानाडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ ।

# महालक्ष्मी विकास बैंकका ग्राहकहरूलाई विभिन्न संस्थाका सेवाहरूमा विशेष छुट



काठमाडौं- “सबल बैंक, सफल सहकार्य” को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत ३० वर्षदेखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडलेस्वास्थ्य, होटल तथा रेष्टुरेन्ट क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको छ ।

सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

# ज्योतिका ग्राहकहरुलाई “Medex Multispecialty Clinic & Diagnostic Center” मा २० प्रतिशत सम्मको विशेष छुट




काठमाडौं- ज्योति विकास बैंक लिमिटेडले ललितपुर स्थित “Medex Multispecialty Clinic &Ù Diagnostic Center”मा बैंकका ग्राहकहरूलाई २० प्रतिशतसम्मको छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ । सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त क्लिनिकमा इन-हाउस परीक्षणहरू गराउँदा २० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

त्यसैगरी, हालै बैंकले काठमाडौंस्थित प्रख्यात "Tranquility Spa" का देशभरका १७ वटै आउटलेटहरूमा हरेक सेवा तथा सुविधाहरूमा ग्राहकहरूलाई ३०५ सम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ । साथै Luga Suga Traders मा समान खरिद गर्दा २२५ सम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ ।

ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ । संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

स्वास्थ्यप्रद जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले नेपाली शिशुहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ । यस्ता जिवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ ।

ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

# दिनको पहिलो भुक्तानी फोनपे क्यु.आरबाट

काठमाडौं- नेपालको सबैभन्दा ठूलो भुक्तानी संचालक, फोनपेले देशभरका व्यवसायहरुलाई आफ्नो पहिलो भुक्तानी, जसलाई चलन चल्तीको भाषामा बोहनी भनिन्छ, फोनपे क्यु.आर मार्फत स्वीकार्न प्रेरित गर्ने उदेश्यले बोहनी, फोनपे क्यु.आर बाटै भन्ने पहलको सुरुवात गरेको छ ।

यस पहलले बिहानको पहिलो भुक्तानी नगदमा मात्र स्वीकार गर्ने नगद परम्परालाई चुनौती दिँदै डिजिटल भुक्तानीको सहजतालाई स्वीकार गर्न अभिप्रेरित गर्दछ । फोनपे क्यु.आर मार्फत बोहनी स्वीकार गर्दा, व्यवसायीहरूले बिहानको समयमा स-साना रकमको समस्याबाट मुक्ति पाउनुको साथ-साथै उधारो दिनुपर्ने अवस्थालाई सजिलै टार्न पनि सक्नेछन् ।

अभियानमा सहभागी हुन, व्यवसायीहरूले फोनपे बिजनेस एपमा लग-इन गरेर सहभागिता स्वीकार गर्नुपर्नेछ, र अभियान अवधिमा फोनपे क्यु.आर मार्फत भुक्तानी लिएको हुनु पर्नेछ । यस अभियान अन्तर्गत एक भाग्यशाली व्यवसायीले नयाँ भ्ख क्अययतभच जित्ने अवसर पनि प्राप्त गर्नु हुनेछ ।




फोनपेका चिफ बिजनेस अफिसर सुमित दासका अनुसार, यस पहलको आशय भनेको हाम्रो व्यवसायीहरूलाई, डिजिटल भुक्तानीलाई आफ्नो दैनिक व्यवसायिक कार्यहरूमा समाहित गर्न अझ बढि प्रोत्साहन गर्नु हो । हामी व्यवसायीहरूलाई पारम्परिक बोहनी, नगदमा स्वीकार गर्ने तरिकालाई त्यागेर फोनपे क्यु.आर अपनाउन प्रोत्साहित गर्दछौं, जसबाट व्यवसायहरूले अझ बढी सुविधा, न्युनतम जोखिम, र उच्च व्यवसायिक दक्षताको अनुभव गर्न सक्नेछन् ।

२० लाख भन्दा बढी ग्राहक र नेपाल भर १४ लाख भन्दा बढी व्यवसायहरूमा फोनपे क्यु.आर स्ट्यान्डीहरू तैनाथ भइसकेको अवस्थामा, फोनपे आफ्नो डिजिटल भुक्तानी नेटवर्कलाई विस्तार गर्दै देशभरका व्यवसायहरूलाई सुरक्षित, छिटो र सुविधाजनक भुक्तानी समाधानहरूको लाभ प्रदान गर्न प्रतिबद्ध छ ।

# फोटोनको २८औं वार्षिकोत्सव सम्पन्न




काठमाडौं- विश्वको अग्रणी व्यावसायिक सवारी साधन निर्माता कम्पनी फोटोनले आफ्नो २८ औं वार्षिकोत्सवलाई विश्वभर विभिन्न कार्यक्रम गरी मनाएको छ ।

नेपालमा यो अवसरलाई एमएडब्लु वृद्धि कमर्सियल भेहिकलले नाडा अटो शोमा भव्य समारोहका साथ मनाएको थियो । फोटोनले नेपाली बजारमा कुशल र भरपर्दो व्यावसायिक सवारी साधन उपलब्ध गराउने आफ्नो प्रतिबद्धतालाई थप उजागर गर्दै नाडा अटो शोमा आफ्नो वार्षिकोत्सव भव्यताका साथ मनाएको थियो। कार्यक्रममा एमएडब्लु वृद्धिका अध्यक्ष विष्णु अग्रवाल र प्रबन्ध निर्देशक विवेक सिकरिया, सीईओ तुषार गुप्ता लगायत फोटन नेपालका प्रमुख अधिकारीहरूको उपस्थिति रहेको थियो।

नाडा अटो शोमा केक काटी कम्पनीको निरन्तर सफलता र स्थानीय समुदायको सेवामा समर्परित रहेको सन्देश दिए । एमएडब्लु वृद्धि कमर्शियल भेहिकल, फोटोन मोटर्सको आधिकारिक वितरक (चीनको नम्बर  कमर्शियल भेहिकल निर्माता) ले हाईरुफ ईभी भ्यान, टुनल्याण्ड र टिएम वान जस्ता कुशल र भरपर्दो सवारी साधनहरूको रेन्ज प्रदान गर्दछ ।

फोटोनको उत्कृष्ट प्रमाणित ट्र्याक रेकर्ड र नयाँ टेक्नोलोजीहरुको प्रतिबद्धताले फोटोनलाई नेपाली बजारमा निरन्तर वृद्धि र सफलताको लागि थप स्थान दिनेछ ।

# नागार्जुन विशेष स्रष्टा सम्मानद्वारा कुसुम ज्ञवाली सम्मानित



**माधव घिमिरे 'अटल'**

काठमाडौं- नागार्जुन वाङ्मय प्रतिष्ठानको मासिक सुप्रभात काव्यगोष्ठी अन्तर्गत रचना वाचन, टिप्पणी तथा नागार्जुन विशेष स्रष्टा क्यानडाबाट नेपाल आएका प्रतिष्ठानका आजीवन सदस्य इन्जिनियर कुसुम ज्ञवालीका आधा दर्जन सिर्जना श्रवण सुसम्पन्न भएको छ ।

कार्यक्रममा ज्ञवालीले 'कञ्याङकुरूङ' शीर्षकीय कविता वाचनबाट खेवारा गरी 'यसरी त हुँदैन त बा' शीर्षकीय सिर्जनाबाट मैझारो गरे । उनले 'रानीमहल' र 'अस्पताल' लगायत शीर्षकका रचना पनि वाचन गरेका थिए ।

उक्त कार्यक्रममा गङ्गा खतिवडा, सुशीला शर्मा, नवीन पल्लव, जयराम बिडारी,रूबी सत्याल, सुजिता अविरल, मिसन अधिकारी, डा. विष्णुहरि नेपाल, शिवहरि पाण्डे, केशव घिमिरे, कृष्ण प्रसाद पौडेल 'जस्ताघरे', विनोद ढकाल, राजेन्द्र कुमार बर्तौला, अमरदीप सुनुवार, रूद्र अधिकारी, दिल पौडेल, बलराम विष्ट, सुष्मा देवकोटा, रामहरि अधिकारीलगायतका स्रष्टाले आआफ्ना सिर्जना वाचन गरेका थिए ।

विशेष अतिथिको आसनबाट आफ्नो सङ्क्षिप्त मन्तव्य राख्दै डा. नेपालले यस्तो सृजनशील कार्य गर्नु सराहनीय भएको बताए । यस्ता सिर्जनाले सत्ताधारीहरूलाई पिरोल्ने उल्लेख गर्दै समाज रूपान्तरणका निम्ति सघाउने राय राखे । यस्तो पवित्र कर्मका निम्ति नागार्जुन वाङ्मय प्रतिष्ठानलाई आभार प्रकट गरे ।

प्रमुख अतिथि भाषाशास्त्री, समालोचक, संस्कृतविद् तथा नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व सदस्य-सचिव प्रा.डा.जीवेन्द्रदेव गिरीले वाचित रचनाहरूको रौँचिरा विश्लेषण गरेका थिए । उनले कुसुमको व्यक्तित्वबारे पनि साङ्गोपाङ्ग मन्थन गर्न भ्याए । आफू भूमिगत हुँदाको तीज गीत प्रस्तुत गर्दै स्मृतिदंशमा फर्किएर उनी एकछिन भावुक पनि बने ।

कार्यक्रममा उन्मुक्त अभियन्ता तथा बालसाहित्यकार केशरी अम्गाईं, कवि तथा सूचक प्रकाशनका अध्यक्ष दीपक भेटुवाल, तथा नागार्जुन साहित्यिक प्रतिष्ठानका संस्थापक अध्यक्ष वैरागी जेठाको पनि उपस्थिति थियो ।

प्रतिष्ठानका सचिव माधव घिमिरे 'अटल'ले सहजीकरण गरेको उक्त कार्यक्रमको अध्यक्ष दिल पौडेलले बिट मारे ।

# सुसेलीको तीज भव्य रूपमा सम्पन्न

**जनअनकाश संवाददाता**

काठमाडौं- राष्ट्रिय सुसेली फाउन्डेसनले यही भदौ १५ गते प्रारम्भिक साधारणसभा तथा तीज विशेष कार्यक्रम सम्पन्न गरेको छ । " सुसेली" प्रवर्तक/अभियन्ता दुर्गा अधिकारी भमरकोटेको संयोजन/व्यवस्थापनमा सुसेली फाउन्डेसनकी उपाध्यक्ष सुशीला ढकाल अधिकारीको सभापतित्व, साहित्यकार गङ्गा कर्माचार्यको प्रमुख आतिथ्य, संस्थाकि संरक्षक गङ्गा लिगल, सल्लाहकार चन्द्रा न्यौपाने, नेपाल प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ सदस्य कौशिला रिसालको विशिष्ट आतिथ्यता र निबन्धकार मदन पुरस्कार विजेता युवराज नयाँघरे, प्रा.डा शैलेन्दु नेपाल, वरिष्ठ कवि कलानिधि दाहाल, कपन बानेश्वरका प्रबन्धक तथा प्रधान सम्पादक निबन्ध आचार्य, जन आाकाश मिडियाका प्रधान सम्पादक मोहन कार्की, नोवेल साकोसका संस्थापक अध्यक्ष राजन न्यौपाने, बुनपा १० का वडा अध्यक्ष नवराज भट्टराई, नेपाली लेखक संघ काठमाडौंका अध्यक्ष बिसु कुमार केसी, विश्व नेपाली साहित्य महासंघका केवी पौडेल, सुसेलीका महासचिव दामोदर ढकाल दिपक, कोषाध्यक्ष कृष्ण केसी, सुसेलीका अन्य पदाधिकारी लगायत एक सय भन्दा धेरै सुसेली प्रेमी स्रष्टाहरूको उपस्थिति रहेको थियो ।



सुसेलीका नारी स्रष्टाहरूले लामो समय सुसेली वाचनसँगै पुरुषसमेतलाई मिसाएर हर्षोल्लासमय वातावरणमा कपन मिलन चोक पञ्चकुमारीमा रहेको मिलनचोक पार्टी भेन्युको सभाहलमा सुसेली गायनका साथको नृत्यलहरमा छम्छमाएका दृश्य हेर्नेहरूले उत्साहप्रद तवरमा ताली पिटेर साथ दिएका थिए ।

यसैगरि यो कार्यक्रम साधारणसभा सँगै जोडिएकोले फाउन्डेसनको आर्थिक जानकारी कोषाध्यक्ष कृष्ण केसीले प्रस्तुत गर्नुभएको थियो भने स्वागत मन्तव्यका साथ कार्य समिति सदस्य सुमित्रा श्रेष्ठको सुसेली वाचन बाट सुरु भएको थियो। कार्यक्रमको उद्घाटन गमलाको बिरुवामा पानी हालेर प्रमुख अतिथि गंगा कर्माचार्यले सुरु गर्नुभएको थियो र कार्यक्रमको बारेमा महासचिव दामोदर ढकालले प्रष्ट पार्नु भएको थियो । साधारणसभा तर्फको बैठकको अध्यक्षता फाउन्डेसनका अध्यक्ष भमरकोटेले गर्नुभएको थियो ।

सय भन्दा धेरैको संख्यामा उपस्थिति रहेको यो हरितालिका तीजको कार्यक्रममा संस्थाका सल्लाहकार द्वय डा. शैलेन्दुप्रकाश नेपाल र चन्द्रा न्यौपाने, निबन्धकार मदन पुरस्कार विजेता युवराज नयाँघरे, साहित्यकार तथा संस्थाकी संम्रक्षक गंगा लिगल, नेपाल प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ सदस्य कौशिला रिसालले शुभकामना दिनुभएको थियो । अन्य सबैले सुसेली गाएर र नाचेर साथ दिनुभएको थियो ।

# प्रशिक्षार्थी डाक्टरका हत्या आरोपितले भने, 'म गल्तीवश सेमिनार कोठामा पुगेको थिएँ'



कोलकाता- प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्याका अभियुक्त सञ्जय रोयले घटनाबारे नयाँ दाबी गरेका छन् । टाइम्स अफ इन्डियाको रिपोर्टका अनुसार पोलिग्राफ टेस्टमा उनले सीबीआईलाई अगस्ट ८ को राति सेमिनार कोठामा गल्तीवश प्रवेश गरेको बताएका हुन् ।

अगस्त २५ मा सीबीआईले केन्द्रीय फोरेन्सिक टोलीको सहयोगमा कोलकाताको प्रेसिडेन्सी जेलमा आरोपित रोयको पोलिग्राफ परीक्षण गराएको थियो । अधिकारीहरूले उनीसँग करिब ३ घण्टा सोधपुछ गरेका थिए । उनीसहित हालसम्म १० जनाको पोलिग्राफ परीक्षण भइसकेको छ । जसमा आरजी कारका पूर्व प्रधानाध्यापक सन्दीप घोष, एएसआई अनुप दत्त, ४ जना सह चिकित्सक, एक स्वयंसेवी र दुई जना गार्ड रहेका छन् ।

अभियुक्तका अनुसार एक जना बिरामीको अवस्था नाजुक थियो । उनलाई अक्सिजन चाहिएको थियो । त्यही भएर उनले डाक्टरलाई खोजिरहेका थिए ।

यसैबिच आफू तेस्रो तल्लाको सेमिनार कोठामा पुगेको रोयको भनाई छ । उनका अनुसार प्रशिक्षार्थी डाक्टरको शव त्यहीँ थियो । उनले डाक्टरको शरीरलाई हल्लाए, तर कुनै चाल थिएन। जसका कारण आफू डराएको र बाहिर भागेको उनको भनाई छ ।

यसै क्रममा कुनै चीजसँग ठोक्किँदा आफ्नो ब्लुटुथ उपकरण त्यहीँ खसेको रोयको जिकिर छ। आरोपितले प्रशिक्षार्थी डाक्टरलाई पहिले नै नचिनेको दाबी गरेका छन् । घटना भएको दिन अस्पतालको गेटमा सुरक्षाकर्मी नभएको र कसैले नरोकेको पनि उनले बताए ।

डाक्टरको शव अगस्त ९ को बिहान फेला परेको थियो । त्यसपछि देशभरका चिकित्सकहरू सडकमा उत्रिएका थिए । सर्वोच्च अदालतको पुनरावेदनपछि धेरै अस्पतालका चिकित्सकले हडताल रद्द गरेका छन् । तर, बंगालमा विरोध प्रदर्शन जारी छ।

कोलकाता उच्च अदालतको आदेशमा सीबीआईले यस मुद्दाको अनुसन्धान गरिरहेको छ। एजेन्सीले अगस्त २९ तारिखमा अस्पतालका दुईजना सुरक्षा गार्डको पोलिग्राफ टेस्ट गरेको थियो । सो रात अस्पतालको मुख्य गेटमा दुवै गार्डलाई तैनाथ गरिएको थियो ।

# खेलकुद

## यूएस ओपन : चौथो चरणमा हारसँगै गउफ बाहिरिइन्



काठमाडौं- कोको गउफको यूएस ओपन-२०२४ मा उपाधि रक्षाको अभियानमा आइतबार पूर्णविराम लागेको छ । उनी चौथो चरणमा अमेरिकी साथी खेलाडी इमान नाभोराको हातबाट ६-३, ४-६ र ६-३ ले पराजित भइन् ।

अब नाभोराले पउला बोडासाको सामना गर्नेछिन् । बोडासाले अर्को खेलमा चीनकी युफाङ वाङलाई सजिलै ६-१ र ६-२ ले हराइन् ।

पुरुषतर्फ ग्रिगोर डिमिट्रिभले आन्द्रे रुबेललाई पाँच सेटको खेलमा हराएर क्वाटरफाइनल पुगे । मिमिट्रिभ यो खेलमा ६-३, ७-६, १-६, ६-३ र ६-३ ले विजयी रहे ।

## रियलको जितमा एम्बापेको पहिलो गोल



काठमाडौँ – केयलिन एम्बापेले ला लिगामा गरेको पहिलो गोलमा रियल म्याड्रिडले आइतबार रियल बेटिसमाथि २-० को जित रचेको छ । यो जितपछि रियल अंक तालिकाको दोस्रो स्थानमा पनि उक्लेको छ ।

ला लिगा : रियलको जितमा एम्बापेको पहिलो गोल

यूईएफए सुपरकपमा एटलान्टाविरुद्ध गोल गरेयता एमबापे लिगका सुरुआती तीन खेलमा फिक्का देखिएका थिए । तर बेटिसमाथि भने उनी दुवै गोल गर्न सफल रहे ।

उनले ६७औं मिनेटमा पहिलो गोल गरेपछि ७५ औं मिनेटमा पेनाल्टीबाट दोस्रो गोल थपे । बार्सिलोना चार खेलबाट १२ अंकसहित शीर्षमा छ भने उसको ठीक पछाडि रियलको आठ अंक छ ।

## म्यानचेस्टर युनाइटेडमाथि लिभरपुलको प्रभावशाली जित



काठमाडौं- नयाँ व्यवस्थापक आर्ने स्टल आएयता आफ्नो उत्कृष्ट प्रदर्शन कायम राख्दै लिभरपुलले इग्लिस प्रिमियर लिगमा आइतबार म्यानचेस्टर युनाइटेडमाथि ३-० को प्रभावशाली जित निकालेको छ । ओल्ड ट्रायफार्डमा भएको खेलमा लिभरपुलका लागि लुइस डियाजले ३५ र ४२ औं मिनेटमा दुई गोल गरे ।

त्यसपछि मोहमद साहले ५६ औं मिनेटमा दोस्रो गोल थपे । यो जितपछि लिभरपुलको तीन खेलबाट नौ अंक भएको छ । यी तीन खेलमा लिभरपुलले क्लिन सिट पनि कायम राखेको छ । डिफेन्डिङ च्याम्पियन म्यानचेस्टर सिटी पनि समान नौ अंकमा लिग तालिकाको शीर्षमा रहेको छ ।

युनाइटेड भने लगातार दोस्रो हारपछि तीन अंकमै सीमित रहेर १४ औं स्थानमा रह्यो । आइतबारका अन्य खेलमा न्युकासल युनाइटेडले टोटनहमलाई २-१ ले हरायो भने चेल्सी र क्रिस्टल प्यालेसले १-१ को बराबरी खेले । न्युकासल सात अंकमा पाँचौंमा छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ७, २०८१ साल भदौ १८ गते मंगलबार (Sep 3, 2024)

# बेनी–जोमसोम यात्रामा मन बहकाउने झरनाहरू



म्याग्दी- सडक मार्ग भएर मुस्ताङ भ्रमणमा जाने पर्यटकले म्याग्दी खण्डमा कच्ची र अप्ठ्यारो सडक छिचोल्नुपर्छ । म्याग्दीको बेनीदेखि मुस्ताङको घाँसा नपुग्दासम्म करिब ४५ किलो मिटर सडक पूर्ण रूपमा स्तरोन्नति भइसकेको छैन ।

चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत स्तरोन्नतिको चरणमा रहेको सडकको म्याग्दी खण्डको यात्रा मुस्ताङको तुलनामा असहज छ ।

कालीगण्डकी नदीको किनारै किनार मुस्ताङ उक्लिने बेनी-जोमसोम सडक छेउछाउका मनमोहक झरनाहरूले यात्राको दुःख, कष्ट भुलाइदिने गरेको यात्रुहरू बताउँछन् । “गाडीबाटै देखिने झरनाहरू बेनी-जोमसोम सडकका गहना हुन्”, मुस्ताङ घुमेर फर्किनु भएका बेनीका विनोद खत्रीले भने, “झरनाहरूको सौन्दर्यले यात्राको दुःख, कष्ट र पीडा भुलाएर उत्साह र उमङ्ग ल्याउँछ ।” बेनीदेखि पाँच किलोमिटर उत्तरमा पर्वतको बाँसखर्कबाट झर्ने बाउसे झरना छ । बाउसे झरनादेखि एक किलोमिटर माथि म्याग्दी र पर्वतको सिमाना भएर बग्ने पुम्दी खोलाको छहरा देखिन्छ ।

अन्नपूर्ण गाउँपालिका-७ स्थित महभिर झरनाले पर्यटक लोभ्याउने गर्छ । पूर्वाधार निर्माण गरेसँगै बेनी-जोमसोम सडक भएर मुस्ताङ जाने आउने पर्यटक महभिर झरनामा भुल्ने गर्छन् । पहिले सुनसान हुने महभिर झरनामा भीडभाड हुन थालेको स्थानीयवासी कृष्ण पुनले बताए ।

पहाडको फेदीमा करिब एक सय मिटर माथिबाट खस्ने झरना निकै आकर्षक र मनमोहक छ । झरना परिसरमा पुग्दा गर्मी याममा शीतल हुन्छ । गर्मी छल्न पनि महभिर झरना उपयुक्त गन्तव्य हो । झरनाको फेदीमा बनाइएको पोखरीमा पौडी खेल्न र माछा मार्न सकिन्छ । झरनाको सौन्दर्यमा रमाउँदा समय बितेको पत्तै नहुने बेनीका किरन कार्कीको अनुभव छ ।

अन्नपूर्ण गाउँपालिकाले झरनाको फेदीमा ग्याबीन पर्खाल लगाएर पोखरी र भिरालो पाखा सम्याएर दृश्यावलोकन स्थल बनाएको छ । सडकदेखि झरनाको फेदसम्म पदमार्ग र नजिकै सार्वजनिक शौचालय निर्माण भएका छन् । बेनी जोमसोम सडकको ५० मिटर नजिकमा झरना भेटिन्छन् । सडकमा गाडी रोकेर पर्यटकले झरना अवलोकन गर्ने गरेका छन् ।

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ लेकगाउँबाट बैँशी गाउँमा झर्ने नारच्याङ झरना बेनी-जोमसोम सडकको अर्को आकर्षण हो । सडकको नागढुङ्गादेखि दुई किलोमिटर गाडी र १५ मिनेट उकालो हिँडेपछि पुगिने नारच्याङ झरना सडकबाटै यात्राका क्रममा अवलोकन गर्न सकिन्छ । बाह्रै महिना उस्तै देखिने नारच्याङ झरनामा साँझ सूर्य अस्ताउँदा देखिने इन्द्रेणी मनमोहक देखिन्छ ।

अन्नपूर्ण गाउँपालिका-३ दानास्थित बेनी-जोमसोम सडकको छेउमै रहेको रुप्से यस सडकमा यात्रा गर्ने पर्यटकको प्रमुख आकर्षण हो । अन्नपूर्ण तथा धौलागिरि हिमालको फन्को मारेर फर्केका पदयात्री तथा मुस्ताङ जाने यात्रुले सवारी साधन रोकेर यस छहारामा आराम गर्छन् ।

कालीगण्डकी नदीको कटानले बनाएको धौलागिरि र अन्नपूर्ण हिमश्रृङ्खला बीचको छ हजार नौ सय ६७ मिटर गहिरो खोचलाई संसारकै गहिरो गल्छी ‘अन्धगल्छी’ मानिन्छ । त्यही अन्धगल्छीमा अवस्थित रुप्से झरनामा मोहित बन्ने कवि/कलाकारले सयौं कविता र चित्र कोरेका छन् ।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले रुप्से झरनामा पूर्वाधार निर्माण गर्न ठेक्का सम्झौता भइसकेको र अन्य झरनालाई पनि व्यवस्थित बनाउन पहल गरिरहेको जानकारी दिनुभयो । रुप्सेमा पर्यटन पूर्वाधार निर्माण गर्न रु तीन करोड ६५ लाख बराबरको लागत अनुमान गरिएकामा रु तीन करोड २३ लाख ५५ हजार तीन सय ६९ मा सुन्दर निर्माण सेवा कास्कीसँग ठेक्का सम्झौता भएको छ । गत जेठ ३० गते भएको ठेक्काको म्याद विसं २०८२ पुष २५ गतेसम्म छ ।

रुप्से झरनामा टिकट काउन्टर, शौचालय, झरनामा फलामको रेलिङ, भ-याङ, पदमार्ग र खाजाघर लगायतका पूर्वाधार निर्माण गरिने गाउँपालिकाका सब-इन्जिनियर बालकृष्ण पौडेलले जानकारी दिए । रुप्से झरनादेखि माथि रहेको बाजा बजाउने ढुङ्गामा पार्क, गोलघर र भ्यूप्वाइन्टसमेत निर्माण गरिने जनाइएको छ ।

पृष्ठ १ बाट जारी

## देश विकास...

वेलावेलामा असन्तोषको नाममा भीडहरु सडकतिर कुदेको देखिन्छ । त्यस्ता विरोधहरु स्वत स्फुर्त भएपनि त्यस्ता भीडहरु समूहहरुलाई घुसपैठ गरेर नेपाललाई नोक्सान पुऱ्याउने अवस्थामा पुऱ्याएका उदाहरण विगतमा भईसकेका छन् ।

वर्तमानमा पनि त्यो भन्दा पनि धेरै खतरा अवस्थामा फसाउन नेपालको हित नचाहने शक्तिहरु लागिरहेको देखिन्छ । कुनै व्यापारीको खोल ओडेर होस् वा कुनै राजनीतिको खोल ओडेर अथवा अभियान्तको खोल ओडेर नेपालको शान्ति अमन चयनलाई भत्काउन कोशिष गरिराखेको देखिन्छ ।

परिवर्तन आवश्यक छ नेपालमा विगतका पूराना पार्टीका नेताहरुले नेतृत्व गरेको अवस्थामा देशले प्रगति गर्न सकेन । विकासका तरिकाहरु मिलाउन सकेनन् । उनिहरु आफ्नो बलबुताले आटिलो अवस्थामा उभिन सकेनन् । त्यसैले परिवर्तन नेपालको भूगोल सुहाउदो नेपालको अवस्था अनुसारको परिवर्तन नेपाली जनताले चाहेकै छन् । त्यसमा वौद्धिक, दक्ष विशेषज्ञहरुको सल्लाह र योजनाहरु परिवर्तन पछि कस्ले के गर्ने कसरी गर्ने त्यसका खाकाहरु तयार नगरी हुल हुज्जत गरेर कहिले श्रीलंकाको सिको गर्ने, कहिले बगलादेशको नक्कल गर्नुपर्छ भन्नेहरुले बिकल्पमा भोलि देशमा संक्रमणकालीन अवस्था आयो भने सावधान के हो । यस्ता तरिकाहरु नपनाई गर्न खोजिएको परिवर्तनले पुनः फेरी पनि अस्तव्यस्त अवस्थामा नै देश रहनसक्छ । अस्थिरतमा नै रहन सक्छ ।

तसर्थ परिवर्तन पछि देश विकास गर्ने तरिका अर्थात मोडल ल्याउन जनता सचेत भएर जनताको लागि काम गर्न सक्ने अनुभवले खारिएको देश छोडेर कहिल्यै कुनै देश नगएको तर आफ्नै देशमा गाई पालेर बसेको किन नहोस् त्यस्ता विज्ञहरुलाई छानेर नेतृत्वमा पठाउने र जनताबाट विश्वास जितेको जनताकै लागि काम गर्ने इमानदार नेतृत्वले आफ्नो दक्षतालाई समाज र राष्ट्रको पक्षमा काम गर्न सक्नुपर्छ । जनतावाट विश्वास जितेको इमानदार नेतृत्वले जवाफदेही प्रशासन अर्थात जनतासँग प्रत्यक्ष जोडिने सेवाहरु सजिलै लिन सक्छन् । जनताले छानेको नेतृत्व प्रशासनको निर्देशक भई जनताकै लागि बनाईएको प्रशासन जनताको सुविधाकै काम हुन थालेपछि देश विकास हुन समय लाग्दैन ।

यो भनेको आफ्नो देशप्रति गर्व गर्न लायक कामहरु हुनुपर्दछ । जतिवेला कुनै पनि नागरिकलाई देशको प्रशासनले दिएको सुविधा प्रतिको विश्वास हुन्छ । त्यतिवेला देशको विकास गर्न समय लाग्दैन ।

## रंगमञ्च

# दुर्गेश थापाको “बिच्च बिच्चमा” सार्वजनिक



काठमाडौं- हरेक वर्ष “बिच्च बिच्चमा” को नयाँ श्रृंखला ल्याउँदै आएका दुर्गेश थापाले यसको सातौं श्रृंखला सार्वजनिक गरेका छन्।

उनले शुक्रबार आफ्नै शब्द, संगीत र स्वरमा “बिच्च बिच्चमा ७- रिसको बेलामा” रिलिज गरेका हुन्। यो गीतलाई शहस शाक्यले एरेन्ज गरेका छन्। रिसको बेलामा रिलिज गर्दै दुर्गेशले “बिच्च बिच्चमा”को श्रृंखलालाई बिट मारेको समेत घोषणा गरेका छन्।

उनको हामी पनि नाच्नु पर्छ बिच्च बिच्चमा गीतले निकै चर्चा पाएको थियो। सो गीत दीपकराज गिरी र दीपाश्री निरौलाको फिल्म “छ माया छपक्कै” को प्रमोशनमा समेत प्रयोग गरिएको थियो।

बिच्च बिच्चमाका श्रृंखलालाई लिएर दुर्गेश विवादित समेत बन्दै आएका थिए। उनले अब उट्पट्याङ गीत नगाउने समेत घोषणा गरिसकेका छन्।

नयाँ गीतमा दुर्गेश स्वयं फिचर्ड छन्। साथमा पेमा लामा, तारा बोहरा, सन्ध्या क्षेत्री, प्रियांशु शर्मा लगायत देखिएका छन्।मौसम हिमालीले भिडिओको कोरियोग्राफी गरेका हुन्।

दुर्गेशको कामको कुरा गर्दा उनले पछिल्लो समय फिल्म “ह्रस्व दीर्घ” का लागि गीत तयार पारेका थिए। उनको शब्द, संगीत र मोडलिङमा गत महिना “झुम्का हरायो” गीत पनि रिलिज भएको थियो ।

दुर्गेश भने यतिबेला तीज विशेष कार्यक्रमको शिलशिलामा अस्ट्रेलियामा छन्। “बिच्च बिच्चमा ७” को भिडिओ डि सिरिज युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो ।

# “एक्टर”को नयाँ पोस्टर सार्वजनिक

काठमाडौं- पोस्ट प्रोडक्सनमा रहेको फिल्म “एक्टर” टेक वानु को पोस्टर सार्वजनिक गरिएको छ।

निर्माणपक्षले बिहीबार सार्वजनिक गरेको पोस्टरमा अभिनेता प्रदीप खड्कालाई मात्र देखाइएको छ। पोस्टरमा उनी क्यारेक्टर लुक्समा छन्। लामो कपालमा रहेका उनको अनुहारभरी घाउचोट लागेको देखिन्छ। कालो टिसर्टमा रहेका उनी कुनै होटेल वा पवमा रहेका हुन् कि भन्ने पृष्ठभूमी हेरेर अनुमान लगाउन सकिन्छ। तर प्रष्ट भने छैन।

निर्माण पक्षले यो फिल्मको कथा खुलाएको छैन्। राजन भुसालको निर्देशन रहेको फिल्ममा प्रदीपसँगै डेव्यु अभिनेत्री दिव्या रायमाझी, आना शर्मा, राजवल्लभ कोइराला, दिव्य देव, सुशील सिटौलालगायत कलाकारहरूको अभिनय छ। अभिनेता खड्काले फिल्मको पर्दामा आना र दिव्यासँग पहिलोपटक सह-कार्य गरेका हुन्।

फिल्मको कथा आकाश बराल र निर्देशक





भुसाल स्वयंले लेखेका छन्। थम्मन कुमार भण्डारी फिल्मका निर्माता हुन्। फिल्मलाई लक्ष्मीपूजाको अवसर पारेर कात्तिक १५ गतेदेखि प्रदर्शनमा ल्याउने तयारी छ।

## अन्तराष्ट्रिय

# इजरायलमा राष्ट्रव्यापी हडताल

तेल अभिभ । इजरायलमा देशव्यापी आमहडताल जारी रहेको छ । प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई गाजामा रहेका बन्धकहरूलाई फिर्ता ल्याउन हमाससँग सम्झौता गर्नका लागि दबाब दिन यो हडतालको आयोजना गरिएको हो ।



हमासको नियन्त्रणमा रहेका ६ जना बन्धकहरुको मृत्यु भएपछि व्यापक जनआक्रोश रहेको छ । यसैबिच देशको सबैभन्दा ठुलो मजदुर संगठन हिटाडरुटले यो हडतालको आयोजना गरेको हो ।

तेल अभिभसहित देशका विभिन्न स्थानमा प्रदर्शनको तयारी गरिएको छ । प्रदर्शनकारीहरूले तेल अभिभको एक मुख्य क्षेत्रलाई रोकेका छन् ।

तथ्याङ्कमा हाल हमासको कब्जामा १ सय १ जना बन्धक रहेका छन् । यसमध्ये, ३५ जनाको मृत्यु भइसकेको अनुमान गरिएको छ ।

१ सय १ जनामध्ये ९७ जनालाई अक्टोबर ७ मा गरिएको हमलाको दौरान बन्धक बनाइएको थियो । ४ जना भने त्योभन्दा अघि नै हमासको कब्जा रहेका थिए । यसमध्ये पनि २ जना सुरक्षाकर्मीको मृत्यु भइसकेको प्रधानमन्त्री कार्यालयको भनाई छ ।

# जर्मनीको एक क्षेत्रमा दक्षिणपन्थी पार्टीको ऐतिहासिक जित



म्युनिख- जर्मनीमा दक्षिणपन्थी पार्टी एएफडी (अल्टरनेटिभ फर जर्मनी) ले पूर्वी राज्य शोरेन्जियामा ऐतिहासिक जित दर्ता गरेको छ। यो पार्टीले आप्रवासनको मुद्दामा चुनाव लडेको थियो ।

दोस्रो विश्वयुद्धपछि जर्मनीमा दक्षिणपन्थी पार्टीले क्षेत्रीय चुनाव जितेको यो पहिलो पटक हो। एएफडीले कूल मतको झन्डै एक तिहाइ मत जित्यो। पार्टीले कन्जरभेटिभ पार्टी सीडीयू (क्रिश्चियन डेमोक्रेटिक युनियन अफ जर्मनी) भन्दा नौ अंकले अगाडि छन्। यसले जर्मनीका तीन सत्तारुढ दललाई पनि पछाडि पारेको छ ।

यससँगै शोरेन्जियाको छिमेकी राज्य स्याक्सोनीमा आइतबार एएफडी दोस्रो स्थानमा आयो। स्याक्सोनी राज्यको तथ्याङ्कले यहाँ सीडीयूले कुल मतको ३२ प्रतिशत प्राप्त गर्न सक्ने देखाएको छ । यहाँ पार्टी एएफडीभन्दा एक अंक अगाडि छ । तर, यहाँ पनि एएफडीले तीनवटै सत्ताधारी दलहरू सोसल डेमोर्क्याट, ग्रीन्स र लिबरल एफडीपी (फ्री डेमोर्क्याटिक पार्टी) लाई पराजित गरेको छ ।

एएफडी पार्टीका सबैभन्दा ठूलो नेता ब्योर्न होक हुन्। उनी जर्मनीका विवादित नेता हुन् । होक इतिहासका शिक्षक थिए । नाजी नारा प्रयोग गरेको भन्दै उनलाई जरिवाना गरिसकिएको छ । यद्यपि उनले यो कुरा अस्वीकार गर्छन्।

उनले प्रदेश संसदमा प्रत्यक्ष जनादेश नपाए पनि आफ्नो पार्टीका ठूला नेताहरूको सूचीमा शीर्ष स्थानमा रहेकाले उनले एक सिट जित्न सक्छन् ।

जर्मनीमा एक वर्षपछि आम निर्वाचन हुँदैछ । क्षेत्रीय चुनावको नतिजा चान्सलर ओलाफ स्कोल्जको गठबन्धन सरकारका लागि चिन्ताजनक छ।

जर्मनीमा क्षेत्रीय निर्वाचन पाँच वर्षमा एकपटक हुन्छ। प्रत्येक राज्यले फरक मितिमा चुनाव गराउन सक्छ।

# मुख्यसचिव पदबाट पतिले अवकाश पाएलगत्तै पत्नीलाई जिम्मेवारी

काठमाडौं । भारतको केरल राज्यमा एउटा अनौठो संयोग देखिएको छ । राज्य सरकारको मुख्यसचिव भी भेणुले उमेर हदका कारण अवकाश पाएलगत्तै उनकी पत्नी शारदा मुरलीधरनले मुख्यसचिवको जिम्मेवारी सम्हालेकी छन् ।

भेणुले शुक्रबार अवकाश पाएका हुन् । भेणु र उनकी पत्नी एक साथ भारतीय प्रशासन सेवा (आइएएस)मा प्रवेश गरेका थिए । उनीहरू १९९० ब्याचका आइएएस अधिकारी हुन् । नवनियुक्त मुख्यसचिव शारदा मुरलीधरनले ८ महिना प्रशासनिक नेतृत्व गर्नेछिन् ।

त्यसपछि उनले पनि अवकाश पाउनेछिन् । कांग्रेस आइका नेता शशि थरुरले सोशल मिडिया प्लेटफर्म ‘एक्स’मा लेखेका छन्, ‘भारतमा पहिलो पटक (जहाँसम्म सम्झना छ), केरलका निवर्तमान मुख्यसचिव डा. भी भेणुले निरुवन्तपुरमस्थित सचिवालयमा एक औपचारिक हस्तान्तरण समारोहमा आफ्नी पत्नी शारदा मुरलीधरनलाई मुख्यसचिवको जिम्मेवारी सुम्पिनुभयो ।’

केरलका मुख्यमन्त्री पिनरई विजयनले केरलमा दम्पतीले नै प्रशासनिक जिम्मेवारी सम्हालेको अनेकौं उदाहरण भए पनि मुख्यसचिव पदमा पतिको कार्यकालपछि पत्नीले जिम्मेवारी सम्हालेको पहिलो पटक देखिएको बताए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# माइतघर उपन्यासमा देखिने प्रेम आदर्शको पहिचान



शारदा पराजुली

**पृष्ठभूमि**

माइघर उपन्यस नेपाली सामाजिक यथार्थवादी उपन्यास हो । दार्जलिङ भारत प्रवासमा रहि नेपाली साहित्यलाई सामाजिक यथार्थ रुपमा प्रष्ट्रयाउन सफल हुनुभएका लैनसिंह वाङदेलको प्रथम उपन्यास माइतघर उपन्यास ३०औं संकरण हो । २००६ सालमा पहिलो पटक प्रकाशित गरी नेपाली समाजमा घटेका यथार्थपरक घटनालाई समेटेको पाईन्छ । समाजमा गरिबीको रेखामुनि रहेका सानी जस्ता पात्रले आदर्श प्रेमपुर्वक बाच्न पाउने कुरालाई यथार्थरुपमा उजागर गरिएको छ । हरिको प्रेमले सानी पराय भएपनि सोहि घरलाई माइतघर बनाउन पुगेको भाव चित्रण गरिएको छ ।

प्रस्तुत उपन्यास लघु आकारको उपन्यास हो । घटनाहरुको द्रुतता ८५ पृष्ठको छ । सत्रौं अध्ययमा कथाले पूर्णता प्राप्त गरेको छ । यस अध्ययनले माइतघर उपन्यासलाई विष्लेश्य सामग्रीको रुपमा लिई मुलतः उपन्यासको प्रेम आदर्शमा उत्पन्न घटना र गरिबीले जकडेको सामाजिक कुरिती प्रेमभावले हेर्न सकिन्छ भन्ने सामाजिक भाव केलाउने काम गरेको छु । सानीका बा आमा आफु बस्दै आएको ठाँउ थलो छोडेर इलाम जाने निर्णय गरेकोमा सानी निकै असन्तुष्टि प्रकट गर्न बढि कहाँ जान्छे । बालापन हरि संग हासखेल गरेर विताएकी सानी हरिलाई छोडेर नजाने भन्दै यहि बढिकोमा बस्छु । सानीको कुराले सुवेदार मुसुक्क मुस्कुराए । हरि सानी संगै हुर्किएका हुन्, बाल सखाको प्रेम अगाध हुन्छ भन्ने कुरा सुवेदारले हरि र सानीलाई नजिक बाट नियाल्दै छन् । चकचक र उपध्रो संगै गरेर विताएका हरि र सानी अब भने सानीको इलाम जाने कुराले खुम्च्यएको छ । सानी बढि र सुवेदारलाई निकै प्रेमादर्शको रुपमा लिन्छे । बेलाबेला आइराख्ने सर्तमा सानी रत्ना र सानीको बा इलाम तिर लाग्छन् । पुर्खेउली थलो इलाम फर्कदाका अनगिन्ति आशा र पल पलको निरासालाई भविष्यको अभिलासामा बदल्दै दैनिक गुजारा चल्दै थियो ।

केहि समय पछि सानीको बा को मृत्यु हुन्छ । रत्ना र सानी का एक मात्र सहारा बनेका रत्नाका श्रीमानले सानीको सबै जिम्मा आफुलाई छोडेर गएकोमा भावविलव हुन्छिन् । सुख त कत्रो थियो र अब दुखका दिन एक पछि अर्को गर्दै सुरु भयो । थेगि नसक्नुको दुखले रत्ना बढि र सुवेदारलाई निकै सम्झन्छिन् । न टेक्ने ठाँउ न समाउने हाँगा भने झै रत्ना आफ्नो हुर्कदै गरेको छोरीलाई सहारा बनाएर पून हरिको घर फर्कन्छिन् । हरि सानीलाई देखेर छक्क पर्छ । हरिको घरमा छाएको सन्नाटाले रत्नालाई उकुस मुकुस हुन्छ । सुवेदार्नीको नजिकै गएर खै त सुवेदार साहेव ? बढि गहभरि हाँसु पार्दै विलौना गर्छिन् । साझको समय सन्नाटा छायो ।

सुवेदार साहेवको निधन पछि आएको निम्बेवारी काधमा राखेर हरि जागिर खान थालेछ । कक्षा १० को अध्ययन पुरा गर्न सकस भएको हरि पेसा तिर व्यस्त थियो । सानी छक्क परी हरि त जागिरे भएछ । हरि सानीलाई खुबै माया गर्छ, सानी पनि हरि भनेपछि हुरुक्कै हुन्छे । दुरीमा रहेको समय अब छोटिदै थियो । सानी र रत्ना सुवेदार्नीको मा शरण लिन आएको कुरा रत्ना र सुवेदार्नीको बेलुका बसाई गफबाट प्रष्ट भयो हरिलाई । हरि सानीलाई प्रेम गर्छ र सानी पनि हरिलाई उत्तिकै प्रेम गर्छे । हरि कपाल दुखेर विरामी पर्दा सानी मायालु स्वरमा भन्ने गर्थी "अलिकति पनि नखाने हरि दाज्यु ? विन्ती छ ......।"

गरिबीको कारणले सानी हरिको घरमा शरण लिन पुगेकी हुन्छे, हरि र सुवेदार्नीले हृदय फराकिलो बनाएर सानी र रत्नालाई परिवारको सदस्य बनाएर राखेका हुन्छन् । हरि पढेर जागिरे छ भने सानी घरधन्दामा लिप्त छ । एकदिनको कुरा थियो, हरिले सानीलाई आफु नजिकै बोलायो र आफुले हेरिरहेको चित्र देखायो "सानी खुसी भई हरिले फेरी सानी तिर हेरेर सोध्यो किताब ल्याइदिए भने तिमी पनि पढ्छ्यौ सानु ?

सानीले पढ्छु भन्ने जवफ दिई, हरि फेरी भन्छ उसो भए भोलि देखि बेलुका बेलुका मसित पढ्न र लेख्ने गर्न सक्छौ । सानी तिन महिनामा किताब पढ्ने र लेख्ने भई ।"

दशै आयो, तिहार पनि आयो, लक्ष्मी पुजाको दिन बजारमा झिलिमिली पार्छन् भन्ने कुरा सानीले सुनेकी मात्र थिई देख्न पाएकी थिइन बढिलाई आफु पनि त्यहि संगिन शहर हेर्न जान्छु भनि अनुरोध गरी । बढिको बोलि खस्न नपाउदै रत्नाले आदेश गरीन् जानु पर्दैन केटिमान्छे एक्लै हिड्नु राम्रो होइन घरमा नै हेर भन्ने आदेशले खुम्चिएको सानीको मन हरिले साथ दिने भएपछि खुसि हुन्छे । हरि र सानी हात समातेर दार्जलिङको शहर लक्ष्मी पुजाको राति बिजुलिले, फूलले, कागतले, बत्तीले, दियोले, कपडाले, रंगले, चित्रले झिलिमिली पारेको बत्ती ! हेर्न जानेको भिडमा हरिले सानीको हात डोऱ्याई डोऱ्याई सबै तिर देखायो । चारै तिर झिलिमिली बत्ती , मानिसको घचारो, अत्तर र धुपको सुगन्ध– सानीलाई सपना –सपना जस्तो लागिरहयो । यो स्मृति सानीको जिन्दगीको अन्तिम दिन सम्म रहने सुखद स्मृति कहिल्यै नछिनिने धागो बन्यो ।

हरि सानीलाई एक असल अभिभावक, एक असल मित्र, एक असल दाज्यु र एक असल प्रेमी रुपमा सम्झइ बुझाइ गर्छ छोरीको जीवन के हो ? हाम्रो समाजमा छोरीलाई राख्ने दर्जा के हो? छोरी भएर के गर्नु पर्छ याबत कुरा आफ्नो छेउमा राखेर बुझाउछ । सानी गहभरी आँसु पारेर सुन्छे । हरि यो पनि सम्झाउ छ सानी हाम्रो प्रेममा समाज छ, समाजले हामीलाई एक दाजु बहिनीको रुपमा लिन्छ माया हुदा हुदै पनि एक अर्काको भएर जिउन सकिदैन समाज हाम्रो तगारो छ सानी तिमी कसै संग विहा गर । गह भरी आँसु पार्दै पर पुरुष संग विहा गरी हरिले स–सम्मान विदाई गऱ्यो ।

नारीको जन्म हारेको कर्म......अर्कैको सुसारे....... ।

गुज्जयमान ध्वनिमा हरिको मन गरुङ्गो भयो ।

समय वित्दै गयो हरि आफुलाई एक्लो महसुस गर्दै दैनिकिमा व्यस्त थियो । सानी हरिको घरलाई माइतघर सम्झेर आउछे तव तव हरि सबै कुराले भरिएको महसुस गर्छ । सानी यसपाली लामै समय माइतघर बस्ने इच्छा गरी हरि फेरी चिन्तित हुन्छ । सानी यसरी माइतघर बस्दा आफ्नो अभिभावकत्योमा प्रश्न आउछ , आच आउछ । हरि सानी संग हैन आफ्नी आमा संग बारम्बार भन्छ आमा सानीलाई घर पठाउन ढिला गर्नु हुन्न परायको सिन्दुर माइतमा सुहाउदैन आमा ।

सानीको पोइले अर्को विहे गरेर बस्छ सानीको कुनै वास्ता गर्दैन । न माइत न घर सानी दंग छे । गरिबको साहरा मात्र भगवान हुन । मेरो कारणले हरिको प्रतिष्ठामा आँच आउछ अब म यहाँ बस्नु ठिक हुन्न "अन्तरको देवतालाई सधैका निम्ती छोडेर जादै छु हरिको कोठामा गई उठ् नोस् न हरि दाज्यु ! बढिलाई भनेको छु, आज आफ्नो घर फर्कन्छु । "

हरिको पाउँ स्पर्श गरेर सानी कोठाबाट निस्किहाली ।

नेपाली साहित्यमा यथार्थवादी उपन्यासको सुत्रपात गर्ने लैनसिह वाङदेल माइतघर उपन्यास २००६ सालमा पहिलो पटक प्रकासनमा ल्याइ ३० औं पटक संस्करणमा ल्याउन सफल भएको मानवतावादी दृष्टिकोण राख्ने उपन्यास हो । वाङदेलले समाजको यथार्थ चित्रण गर्ने उनी दुखि गरिब असाहाय प्रति बढि कलम चलाएको पाइन्छ । समाजमा निम्न आयस्तर भएका र सहारा लिनुपर्ने वर्गलाई विषेश सहानुभूति राख्ने खालका कृतिहरु उनको हुन्छ । समाजमा रहेका कारुणीक पक्षलाई यथार्थ रुपमा चित्रण गर्नु र मानविय पक्षलाई प्रस्तुतिको माध्यमले पाठक सम्म ल्याउनु उनको विषेशता हो ।

अध्ययन विधी

प्रस्तुत कृतिको अध्ययन गुणात्मक र साहित्यिक प्रकृतिको रहेको छ । त्यसैले यसका लागि आवश्यक सामग्री संकलन, अध्ययन र विश्लेषणा पुस्तकालय विधीका आधारमा गरिएको छ । माइतघर उपन्यसलाई विश्लेष्य मुल सामग्रीका रुपमा उपयोग गरिएको छ । यस अनुसन्धानको शीर्षक 'माइतघर उपन्यसमा देखिएको प्रेम आदर्शको पहिचाल' भएकाले प्रेमादर्श सम्बन्धित लेख रचना पत्रपत्रिकाको तत्थ सम्बन्धि टिप्पणी आदि सामग्री अध्ययन गरी यसको सैद्धान्तिक आधार तयार गरिएको छ ।

आदर्श प्रेम पात्रको पहिचान

माया, प्रेम र आदर्श प्रेमिल समयका महत्वपूर्ण भावाभिव्यक्ति हुन । माइतघर उपन्यासमा उक्त आदर्शलाई मानिसको व्यक्ति अनुसारको उसले प्रस्तुत गर्न भाव संग जोड्न खोजिएको छ । समाजमा घट्ने सामाजिक यथार्थलाई उपन्यास मार्फत प्रस्ट्यउन सफल भएका वाङदेलले समाजमा रहेका सबै मानिसमा सामाजिक धारण फरक हुने र त्यसले पार्ने प्रभाव पनि घटनानुसार फरक रुपले पस्केको पाइन्छ । पुरातन समाजले जकडिएको नेपालको परिवेशलाई उपन्यासको कथा पात्र र चरित्र मार्फत मानिसले गर्ने प्रेम पनि भिन्न र सामाजिक दायरामा रहन्छ नकि आफुलाई प्रेमले भरिपूण हुदैमा आफ्नो बनाउन नसकिने भाव हरि र सानीले गर्ने प्रेम र निभाउने सामाजिक भूमिकामा प्रस्ट पार्न खोजिएको छ ।

हरिले सानीलाई अघात प्रेम गर्छ । समाजमा देखिने आदर्शको रेखालाई नाग्न नसक्दा आफ्नो प्रेमले भरिएको प्रेमिल सपनालाई पर पुरुषलाई सुम्पन परेको नमिठो भाव रोचक तरिकाले प्रस्तुत गरिएको छ । नाता सम्बन्ध नपर्दा पनि सामाजिक मर्यादालाई ख्याल गरेर आफ्नो मन मुटु सजाएको मानिसले पर पुरुषलाई सुम्पदा पनि हरिको आदर्श स्वकार गरेकी सानी लुरुलरु पर पुरुषको घर जान्छे । एक आपसमा माया गरेका र मन पराएर मात्र जीवनको रेखा तयार नहुने अन्धविस्वासलाई प्रेमको तिलान्जलि दिएको रोचक प्रस्तुतिले उपन्यासलाई आदर्श रुपमा उभ्याएको छ । सामाजिक मर्यदाका कारणले कुन्ठित भएर वियोगान्तमा उपन्यासको अन्त्य भएको छ ।


सानी

पुर्खेउली घर इलाम भइ दार्जलिङ गएर बसेका रत्ना दम्पतिको एक मात्र सन्तानको रुपमा र उपन्यास भरि नायिकाको रुपमा उपन्यासकारले सानी पात्रलाई उभ्याएका छन् । उपन्यास भरि आदर्श रुपमा उभ्याइएकी नारी पात्र हुन । उनको जन्म सामान्य परिवारमा भएको हुन्छ । रत्ना दम्पतिले सुवेदारको घरमा काम गरेर जिविको पार्जन गदै सानीलाई हुर्काउदै आएका हुन्छन् । हरिको साथ पाएर फुर्कीदै हुर्केकी सानी हरिलाई बालापन देखि साथी,प्रेमि र दाजुको रुपमा खेल्दै हुर्केकी हुन्छे ।

जिविका गुजार्न धौधौ भएपछि फेरी पुर्खेउली थलो इलाम फर्कने निधो गर्छन् रत्ना दम्पति । छुटिन गारो भएका हरि र सानी पुन भेट्ने र आउदै गर्ने सर्तमा छुटिन्छन् । उता इलाम गए पछि सानीको बा को मृत्यु हुन्छ । आफ्नो एक मात्र सहारा बाको मृत्युको सोकमा डुबेका सानी र रत्ना फेरि पुन दार्जलिङ सुवेदारको घरमा सरण लिन पुग्छन् । गोलो अनुहार सलक्क परेको शरिर हुर्केकी सानीलाई देखेर हरि छक्क पर्छ । आफुले बच्चा देखि माया गरेको सानीको आगमनले हरि निकै खुसि हुन्छ । हरि र सानी दाजु बैनि जस्तै गरेर एकै छानामुनि निकै मिलेर बस्छन् ।रत्ना र सुवेदार्नी बसेर सानीको बिहे गर्ने कुरा अगाडि बढाउछन् अन्जान मानिस संग सानीको बिहे पक्का हुन्छ । हरिलाई सारै नमजा लाग्छ । अपरिचित मानिस संग सानीले कसरी घर गरेर खाली हरि खुब चिन्तीत हुन्छ । हरि कपाल दुखेर बिरामी हुदा सानीले हरिलाई निकै ख्याल गर्छे । खाना खुवाउन उ निकै कर गर्छे

अलिकति पनि नखाने त हरि दान्यू ? बिन्ती छ .....।

आफूले हरिलाई ज्यारो आउँदा निदार छामेको र नजिकै बस्दा आएको अर्कै खालको भावको सानी एक्लै आफ्नै कोठामा बसेर कल्पना गर्छे । उसलाई खै केके भावले कुत्कुत्याएको आभास हुन्छ । हरि कामबाट अलि ढिला गरी घर फर्कदा सबभन्दा बढि पिर सानीलाई पर्छ । सानी हरिलाई औधि माया गर्छे । सङकोच पनि गर्छे । मनमनै सोच्छे फेरी आफ्नो सहार पनि एक मात्र यहिँ घर छ । समाजले हेर्न दृष्टिकोण कस्तो हुने हो मनमनै कल्पना गर्छे आफ्नो कारणले समाजमा हरिको व्याइजति हुन्छ की भन्ने डरले आफ्नो मायालाई मनमा नै सीमित गर्छे । हरिले सानीलाई पर पुरुष संग अन्माएर पठाउछ । केही समय पछि सानीको पोइले अर्कै विहे गर्छ सानी घर न घाटको हुन्छे र हरिकै घरमा माइतघर सम्झेर सहारा लिएर बस्छे । विगत सम्झन्छे गरिबी रटुहुरो पनलाई यहिँ घरको सहारा लिएर यहाँ सम्म आए समाजले हरिलाई प्रश्न गर्ने काम नगर्ने र हरिको मन नदुखाउने वाचा मनमनै गर्छे । सानी सचेत तर चपेटामा परेकी, आफुले माया गर्ने मान्छेलाई माया गर्छु भन्न नसक्ने आदर्श नारी पात्र हो । हरिलाई अभिभावक मानेर ढोगेर अब म आफ्नो पोइको घर जान्छु भनेर हिड्नु सानीको महानता हो ।




माइतघर उपन्यासमा सानी प्रेम र करुणकी खानी, स्नेह र त्यागकी प्रतिमूर्ति एवम् नारी सुलभ कोमल हृदयकी रुपमा स्थापित नारी पात्र हो । आफुलाई राम्रो लागेको कतिपय कुरा खुलेर बोल्न नसक्ने समाजको थिचोमिचो सहेर भए पनि आफ्नो प्रेमीको परिवेशलाई दखल नगर्ने घर गृहस्थीलाई समाल्न नसक्ने नारी पात्रको रुपमा स्थापित भएको पाईन्छ ।

हरि

सैन्य जीवनबाट अबकास पाएका सुवेदारका कान्छि पट्टिका एक्लो छोराको रुपमा हरिलाई उभ्यएको छ । हरि सब परिवारको साथमा दार्जलिङमा बस्दै आएको छ । सुशील र चन्चले स्वभावको हरि सानीलाई अगाघ माया गर्छ । भाडाकुटी खेल संगै हुर्किएका बाल सखा साच्चै लोभ लाग्दो थियो । सानीलाई पनि परिवार परिवेशमा राखेर हरि सगै हुर्काउदै आएका सुवेदार साच्चै प्रेम, करुण र आदर्शको पलराकिलो उदाहरण हो । आफ्नो एकमात्र सहारा बुवाको निधन पछि जिम्बेवारीले पढाई विचैमा छोडेको हरि गुजारा गर्न जागिरे बन्छ । बुवाको प्रेममा खड्कीएको मानस पटललाई इलामबाट फर्किएकी सानीको आगमनले पूर्ण गराउछ । हरि सानीलाई खुबै प्रेम गर्छ ।

हरि सानीले पनि आफुले जस्तै पढेर जागिर गरेको हेर्न चाहन्छ ।

किताब ल्याइदिए भने तिमी पनि पढ्छौ सानु ?

भोलि देखि बेलुका –बेलुका मसित पढ्ने–लेख्न अनि सिक्ने है त ? (पृ २६)

सानीलाई संगै लगेर लक्ष्मी पूजाको झिलिमिली बत्ती हेर्न घरबाट अनुमति लिएर निस्कीयो हरि । सानीको हात समातेर रंगीन शहर दार्जलिङ लक्ष्मी पूजाको रात, बिजुलीले, फूलले, कागतले बत्तिले, दियोले, कपडाले, रंगले, चित्रले झिलिमिली पारेको बत्ति ! हेर्न जानेको अपार भिड हरिले सानीको हातमा डोऱ्याइ डोऱ्याइ सबैतिर देखायो । सानी खुबै खुसि थिई हरि पनि सानीलाई साथमा पाउदा निकै खुसि थियो । यो सुखद पल कहिल्यै नछिनीने धागो बन्यो । जुनेली रातमा प्रेमका भावहरु छचल्काउदै आदा रातमा घर फर्किए । सानीको बिहेको कुरा हुन थाल्यो । हरिको हृदय पोखरीको एकाग्रता कसैले आएर भङग गरे जस्तो भयो ।

अहो ! स्नेहको त्यो सानो अंकुर ! हृदयको सात पत्र भित्र एक दिन पलाएर आएको अंकुर त्यसै मर्ने भयो त ? (पृ ३७) हरि सानीलाई सम्झाउछ छोरी चेलीको घर संसार पराइघरमा हुन्छ, माइतघरमा हुदैन .....।( पृ ३९) सानी किन रुन्छ्यौ ? आफ्नो भाग्य जस्तो छ त्यस्तै हनु पर्छ सबैले भोग्नै पर्छ ...। -पृ ३९) सानीको मलिनो अनुहार हरि एकाग्र भएर नियाल्थो, सानी रुन्थ्यी । सानीको आँखाबाट झरेको आँसु हरिको गोडामा तप्प चुइयो हरिको जम्मै छाती भिज्यो । सानी तिमी नरोउ तिमी रोएउ भने हामी पापको समन्द्रमा डुब्ने छौ । संसारले हामीलाई चेलि माइतीका रुपमा देखेको छ त्यो पबित्र बन्धन तोडेर हामी कसरी संसारको सामु बाच्न सक्छौ ....। (पृ४५) सानीलाई बिदाई गर्दै हरिले सहानुभुति देखाउछ –सानी नरोउ जाने बेला भयो ...। (पृ५१) सानी माइत आए पछि पोइको घर फर्किन मानिन उसका पाइले अर्की ल्याएर बसेका छन् अरे । हरिको मन बेलुन जस्तै गरी हावामा प्वाट्ट फुटे झै भयो । हरिको मन दोभान भयो । यता सानीको हालत उता समाजकोबन्धन केहि गर्न नसक्ने र समाजलाई धिकार्ने गरेको हरिले सानीलाई स्वीकार्ने मनोसाय बनाउदै थियो । सानी भने आफ्नो परिवेशले हरिको सामाजिक मर्यादा नगुमोस् भनेर उ सधैका लागि हरिलाई हरिको घरलाई छोडेर जाने निधो गरी । उठ् नोस् न हरि दाज्यू । बढिलाई भनेको छु आज आफ्नो घर फर्कन्छु ..।(पृ८५) हरिको पाँउ छोएर सानी हरिको कोठाबाट निस्कीइ हरि सपनाबाट झल्यास् व्यूजेजस्तो भयो । उपन्यासको अन्त्य वियोगान्तमा भएको छ ।

सामाजिक मर्यादाको खातिर आफ्नो अन्तस्करणबाट आएको प्रेमको हत्या समेत गर्न पछि नपर्ने, सामाजिक पूरातनवादी मान्यताको पक्षपोषक भएर उभिएको, कर्तव्यबोधक र सामाजिक भूमिका निभाउन सक्ने पुरुष पात्र हो हरि । चरित्रवान लोग्ने पात्रको रुपमा उभिएको छ । प्रेमलाई लुकाउन सक्ने सानीलाई आफूले माया गर्दा पनि अर्को संग बिहे गरेर पठाउन सक्ने कठोर हृदय भएको पात्रको रुपमा हरिलाई उभ्याएको छ ।

निष्कर्ष

माइतघर उपन्यास नेपाली सामाजिक यथार्थवादी उपन्यास हो । प्रवासमा रहि नेपाली सहित्यलाई सुक्ष्मरुपले केलाइएको उपन्यास हो माइतघर । समाजमा रहेका सामाजिक घटनालाई जस्ताको त्यस्तै प्रस्तुत गर्न सफल हुनु भएको वाङदेल गरिब दुखि पिडीत असाय प्रतिको कारुणीक भाव उत्कृष्टरुपले प्रस्तुत भएको छ । उपन्यासमा सानी, सानीको पारिवारीक अवस्था , जीवनी, जस्ता विषयवस्तुलाई सहानुभुति प्रकट गर्दै सम्मान जनक समाजमा बाच्न पाउनु पर्छ, निम्न वर्गलाई माथि उठाएर समाजमा अरु सरह भूमिकामा लाग्न प्रेरित गराउनु पर्छ कारुणीक सन्देश यस उपन्यासमा पाइन्छ । सानी र हरिको प्रेम सम्बन्ध, हाडनाता विना पनि सामाजिक मर्यादा कायम राख्दा आफ्नो प्रेमको तिलान्जलि दिन पुगेका अभागि पात्र हुन् । बाल्यकालमा बेहुला र बेहुली बनि

» बाकी अन्तिम पृष्ठमा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ७, २०८१ साल भदौ १८ गते मंगलबार (Sep 3, 2024)

# बहुप्रतिक्षित टाटाको पन्च इभी नेपाली बजारमा सार्वजनिक



काठमाडौं- टाटा मोटर्सको नेपालस्थित आधिकारिक विक्रेता सिप्रदी ट्रेडिंग प्रा.लि. ले पन्च इभी नेपाली बजारमा सार्वजनिक गरेको छ । राजधानीको भृकुटी मण्डपमा आजदेखि सुरु भएको “१६ औं टाटा इभी नाडा अटो सो २०२४“ मा पन्च इभीको विक्री वितरण आरम्भ गरेको हो । टाटा पन्च इभी शुरुवाति मूल्य रु. ३३ लाख ९९ हजारमा सार्वजनिक गरिएको हो ।

बहुप्रतिक्षित पन्च इभी उत्कृष्ट एक्ट इभी प्योर प्ल्याटफर्म आर्किटेक्चरमा आधारित टाटाको पहिलो उत्पादन पन्च इभी अत्याधुनिक प्रविधियुक्त छ । १६ इन्च एलआरआर टायर, १९० मिमी ग्राउन्ड क्लियरेन्सको साथ पन्च इभीमा २५ किलोवाट (एमआर) र ३५ किलोवाट (एलआर) दुई भिन्न ब्याट्री प्याक रहेका छन् । यसका साथै यस गाडीमा ९०-डिग्रीको कोणमा खुल्ने ढोका, ३६६ लिटरको बुट स्पेस, फ्रंकमा १४ लिटरको थप स्पेस रहेको छ । नेपालको विभिन्न भुभागमा गरेको परीक्षणको अनुसार गाडीले २७० देखि २९० किलोमिटर सम्मको रेञ्ज प्रदान गर्नेछ । पन्च इभीमा १ लाख ६० हजार किलोमिटर वा ८ वर्षसम्मको वारेन्टी दिएको छ ।

टाटा मोटर्स पेसेन्जर इलेक्ट्रिक मोबिलिटीका चिफ स्ट्राटिजी अफिसर बालाजी राजनको अनुसार “नेपाली बजारमा टियागो इभी र नेक्सन इभीको सफलता पछि पन्च इभी सार्वजनिक गर्न पाउँदा हामीले अत्यन्त खुसी छौं । भारतमा अत्यन्तै लोकप्रिय टाटा पन्च मासिक रूपमा १८ हजार युनिटभन्दा बढी बिक्री भइरहेको छ । र हामी पन्च इभीले धेरै भन्दा धेरै नेपाली ग्राहकहरुको पनि मन जित्ने कुरामा हामी पूर्ण विश्वस्त छौं ।

सिप्रदीका प्रमुख कार्यकारी अधिकृत राजन बाबु श्रेष्ठको अनुसार “टाटा मोटर्ससँगको व्यापारिक साझेदारीमा पन्च इभी नेपालमा सार्वजनिक गर्न पाउँदा हामी हर्षित अनि उत्साहित छौं । लामो समय देखि नेपाली बिद्युतीय गाडीको बजारमा नेतृत्वदायी भूमिका निर्वाह गरेको सिप्रदीले पन्च इभी संगै नेपाली बजारमा फेरी यहि स्थान कायम गर्नेमा हामी विस्वस्त छौ। अत्याधुनिक प्रविधियुक्त कम्प्याक्ट एसयुभी - पन्च इभीले हाम्रो ग्राहकहरुलाई वातावारणमैत्री, आरामदायी र सुरक्षित यात्राको अनुभुति पाउनु हुनेछ ।”

नेपालभरी टाटा इभी गाडीका लागि २६ डिसी फास्ट चार्जिङ्ग स्टेशन, १५०+ एसी फास्ट चार्जिङ्ग, १५०+ एसी स्लो चार्जिङ्ग नेटवर्क छ। यसैगरि १६ इभि डेडिकेटेड सेवा सञ्जाल, र २२ बटा बिक्री केन्द्र रहेका छन ।

पृष्ठ ७ बाट जारी

## माइतघर...

भाडाकुटी खेल्दा खेल्दै टुसायको मायाको अंकुरा हरिको सामाजिक आदर्शको कारण बढ्न झाङगीन नपाएको कारुणीक सन्दर्भयस उपन्यासमा उठान गरिएको छ ।

हरिलाई सानीको माया लाग्नु, सामाजिक दाइत्वले सानीको माइतघर बनाइदिनु, अरु पर पररुषलाई अन्माइ पठाईदिनु, पोइले हेला गरेर सौता हाल्नु, सानीले दुख पाउनु र हरिकै सरणमा आउनु र आफै सरण दिनु । आफुले बाल्यकाल देखि माया गरेको प्रेमिलाई अरु कसैले सिन्दुर हाल्नु र घरको न घाटको भई बेजिम्मेवार बनाई छाड्नु, जस्ता कुरा पनि सहनु, पतिलाई परमेश्वर मान्नु पर्ने, रिझाउनु पर्ने, अत्याचार सहनु पर्छ भनेर सम्झाउने, पोईको घर नारीको संसार हो भन्ने सन्देश दिने, पढेर पनि परम्परामा रमाउने हरि जस्तो स्वभाव भएका पुरुषले नारीको महिमा बुझ्न नसक्नु दुखद कुरा हो । समाजको लाल्छनालाई झेल्न सक्ने, सत मार्ग अपनाउनेर आधुनिक सोच हरिको हुदो हो त आफ्नो प्रेमलाई मौलाउन कुनै परम्पराले रोक्ने थिएन ।

सानी र हरिले परेवालाई ढुङ्गा हानेको दृश्यबाट सुरुभएको यस माइतघर उपन्यास सानीले हरिलाई ढोगेर अभिभावक मानेर पोईको घर जान्छु भन्दाको कारुणीक वियोगमा अन्त्य भएको छ । वियोगान्त उपन्यासले आफ्नो प्रेमलाई सधै आफ्नो हुनुको आभाष दिलाउन सकरात्मक सन्देश दिन खोजेको पाईन्छ ।

सन्दर्भसूची

◆ ढुङ्गेल, भोजराज, दुर्गाप्रसाद दाहाल, नेपाली नाटक एकाङ्की र निबन्ध,काठमाडौं, एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युतर्स, २०६८ ।
◆ देवकोटा, लक्ष्मीप्रसादसङ्, लक्ष्मी निबन्धसङ्ग्रह, (अठारौं संस्करण), ललितपूर, साझा प्रकाशन, २०६७ ।
◆ पुडासैनि, घनश्यम, अन्दवेग नाटकमा त्रिकोणत्मक अँधोगति, मन्थन,काठामाडौ, २०७८ ।
◆ लम्साल, रामचन्द्र, रामप्रसाद भट्टराई, श्रीप्रसाद कडेल, नेपाली गद्य भाव र साहित्य, काठमाडौं, सनलाइट पब्लिकेसन, २०७५ ।
◆ लम्साल, रामचन्द्र, रामप्रसाद भट्टराई, श्रीप्रसाद कडेल, नेपाली कथा र उपन्यास, काठमाडौं, शुभकामना प्रकाशन प्रा. लि., २०६९ ।
◆ बराल, कृष्णहरी, नेत्र एटम, साधारण नेपाली, काठमाडौं, वर्ल्डवाइड पब्लिकेसन प्रा.लि., २०६८ ।
◆ वाङदेल लैनसिंह, माइतघर (तीसौं संस्करण), काठमाण्डौं रत्नपस्तक भण्डार, २०६३ ।

# कृषि विकास बैंक ग्रहकको मन जित्न सफल

■ मोहन कार्की

काठमाडौ । नेपालमा कृषिको क्षेत्रमा काम गर्न स्थापना भएको गौरवपूर्ण ईतिहाँस बोकेको कृषि विकास बैंकले आधुनिक समयसँगै हाल बैंकिङ क्षेत्रका ग्रहकहरुको मन जित्न सफल भएको छ । त्यो भन्ने आधार पछिल्लो २०८१ साल भदौ ११ गते वाट १६ गतेसम्म चलेको १६औं नाडा अटो शोमा भृकुटीमण्डपस्थित स्टल राखेर अटोको क्षेत्रमा सवैभन्दा कममा अर्थात ७ प्वाइन्ट उन्नान्सय प्रतिशतमा अटो लोन प्रवाह गर्ने सुविधा सार्वजनिक गरेर ग्रहकहरुलाई दिएको सुविधालाई लीन सकिन्छ ।

उक्त सवैभन्दा सस्तो बैकिङ सुविधा अटो शोमा रहेको स्टलमा अरु बैंकहरुको थिएन त्यसैले त्यहा अटो लोन लिनको लागि सजिलै ग्रहकहरुले सुविधा प्राप्त गरेका छन् । निवेदन दिएको केही समयमा नै अटो लोन पास गरेर नयाँ आफ्नो गाडीमा जान सक्ने सुविधा प्रदान गरेको छ ।

बैकले प्याकेज नै सार्वजनिक गरेर ‘हजुर गाडी किन्ने सोचमा ? ब्म्धी हजुरको साथमा’ ब्म्धी बाट कर्जा लिनुहोस् रोजी रोजी गाडी किन्नुहोस् । जस्ता योजनाले नयाँ गाडी किन्ने ग्रहकहलाई सुविधा प्रदान गर्न सफल भएको छ ।


त्यस कृषि विकास बैंकले दिएको जानकारी अनुसार हालैसालै भएको १६ औ नाडा अटो शोमा ‘स्थापना कालमा कृषकहरुको लागि लक्षित बैक भएपनि




आधुनिक समयमा आएर हाल बैंकले व्यवसायीक सवै खालका लागनीकर्ताहरुको विश्वसनीय बैंकको रुपमा कृषि विकास बैंकले काम गर्दै आएको छ । त्यसको प्रमाण यस १६ औ नाडा अटो शोमा कृषि विकास बैकप्रति धेरै भन्दा धेरै ग्रहकहरु जोडिएका छन् ।’ बैंकका प्रतिनिधिको भनाई जस्तै कृषि विकास बैकको पछिल्लो प्रगति मिलेको छ ।

कृषि विकास बैंकले पछिल्लो समय हरेक क्षेत्रमा लगानी र सेवा बढाएको छ । यस कृषि बैकको देशभर २८३ वटा शाखा र १२९ वटा एटिएम सेवाहरु रहेका छन् । ति स्थानहरुवाट बैकिङ सेवाहरु सजिलै लिन सकिन्छ । आधुनिक तरिकाको इन्टरनेट बैकिङको सुविधा समेत कृषि विकास बैंकले अवलम्बन गरेको छ । नेपालीहरुको कृषि विकास बैंक भरोसाको बैंक भएको छ ।

विकासवादीहरुले पढ्नै पर्ने पुस्तक बजारमा उपलबध छ




सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

◆ सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वाँस गरौं,
◆ सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
◆ विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
◆ सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
◆ सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
◆ सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार